दर्ता नं. ९/३९२/०५०/५१

पान नं. ३०३४२१०४१

आपसी सहयोग र सामूहिक हितका लागि सहकारी

# 32औं

## वार्षिक साधारण सभा

२५ आश्विन २०८३, आईतबार

# सामूहिक विकास

## बचत तथा ऋण सहकारी संस्था लि.

### वार्षिक प्रतिवेदन

### २०८२/८३

**Cooperating for a better world:**

*Advancing decent work and sustainability in and through cooperatives*

# सञ्चालक समितिका पदाधिकारीहरू



**पार्थमणि आचार्य**
अध्यक्ष
९८४७०२६३२१



**भूमिलाल सापकोटा**
उपाध्यक्ष
संयोजक फर्साटिकर सेवा केन्द्र
९८५७०३६५१५



**रेनुका खरेल**
सचिव
९८५७०२०४३२



**विष्णुहरी पन्थी**
कोषाध्यक्ष
९८५७०३७३४०



**देव प्रसाद गुरुङ्ग**
सदस्य
संयोजक भलवारि सेवा केन्द्र
९८४७०२५५२०



**भिमलाल पाण्डे**
सदस्य
९८५७०३६४७२



**रुक्मागत पाण्डे**
सदस्य
संयोजक ऋण उप समिति
९८५७०३५७७८



**शारदा भण्डारी**
सदस्य
९८६७०२२२००



**सरिता बस्याल**
सदस्य
९८५७०३९८१६

## लेखा सुपरिवेक्षण समिति



**रघुनाथ ढकाल**
संयोजक
९८५७०२२१७०



**डा. बाबुराम ज्ञवाली**
सदस्य
९८४७५४०२४७



**सिर्जना शर्मा आचार्य**
सदस्य
९८६७२२२०४४

## सल्लाहकारहरू



**माधव प्रसाद पाठक**
सल्लाहकार
९८५७०१६७६०



**चुडामणि खरेल**
सल्लाहकार
९८४७०३५८६२



**सुरेन्द्र कुमार वर्मा**
सल्लाहकार
९८५७०२५५०१



**अधिवक्ता खुमकान्त पौडेल**
कानुनी सल्लाहकार
९८५७०२०५८७



**प्रकाश भट्राई**
सल्लाहकार
९८५७०३५६०१

## ऋण उपसमिति



**होमनाथ देवकोटा**
सदस्य
९८५७०४२७८०



**डिलुराम तिवारी**
सदस्य
९८५७०३१४१३

## सेवा केन्द्र उपसमिति (भलवारी)



**सीता शर्मा**
सदस्य
९८४७२७८३३३



**नारन पराजुली**
सदस्य
९८५७०२२७६१

## सेवा केन्द्र उपसमिति (फर्साटिकर



**प्रतिमा अर्याल नेपाल**
सदस्य
९८४७१९५७०४



**इन्द्र बहादुर बस्नेत**
सदस्य
९७६८२८१७८५

दर्ता नं.: ९/३९२/२०५०/५१

पान नं.: ३०३४२१०४१

# सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि.

**Samuhik Bikas Saving And Credit Cooperative Society Ltd.**

**तिलोत्तमा-३, शंकरनगर रुपन्देही**

च.नं.: ३६

पत्र संख्या: २०८३/८४

मिति: २०८३।०५।२२

आदरणीय शेयर सदस्य महानुभावहरू,

**विषय: ३२ औं वार्षिक साधारण सभामा उपस्थिति बारे ।**

प्रस्तुत विषयमा संस्थाको मिति २०८३ साल भाद्र ११ गतेको ६०६औं बैठकको निर्णयअनुसार संस्थाको ३२ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा सम्पन्न हुने भएको व्यहोरा सहर्ष जानकारी गराउदैं सम्पूर्ण शेयर सदस्यज्यूहरुको अनिवार्य उपस्थितिको लागि सादर अनुरोध गर्दछौं ।

## कार्यक्रम विवरण

मिति: २०८३ साल आश्विन २५ गते आइतवार

समय: विहान १०:३० बजेदेखि ५ बजेसम्म

## स्थान

रेडिसन होटेल एण्ड पार्टि प्यालेस

तिलोत्तमा ३, शंकरनगर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल ।

## छलफलका विषयहरु

१) सञ्चालक समितिको तर्फबाट संस्थाका अध्यक्षको प्रतिवेदन सम्बन्धमा ।

२) संस्थाका सचिवको प्रतिवेदन प्रस्तुत, छलफल र अनुमोदन सम्बन्धमा ।

३) आ.व. २०८३/८४ र आ.व. २०८४/८५ को वार्षिक नीति तथा कार्यक्रम एवं आ.व. २०८४/८५ को वार्षिक अनुमानित बजेट सहितको कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत, छलफल र अनुमोदन सम्बन्धमा ।

४) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत, छलफल र अनुमोदन सम्बन्धमा ।

५) आ.व. २०८२/८३ को बाह्य लेखा परीक्षण प्रतिवेदन प्रस्तुत, छलफल र अनुमोदन सम्बन्धमा ।

६) आ.व. २०८३/८४ को लागि आन्तरिक र बाह्य लेखापरीक्षक नियुक्ति र पारिश्रमिक तोक्ने सम्बन्धमा ।

७) संस्थाको आ.व. २०८३/८४ को पुरक बजेट स्वीकृत सम्बन्धमा ।

८) संस्थाको विनियम, कार्यविधि पुनर्लेखन तथा संशोधन सम्बन्धमा ।

९) शेयर लाभांश र कारोवारका आधारमा संरक्षित पुंजी फिर्ता कोष वितरण सम्बन्धमा ।

१०) साधारण सभाको निर्णय पूस्तिका प्रमाणित गर्ने प्रतिनिधि सम्बन्धमा ।

११) संस्था एकीकरण सम्वन्धमा ।

१२) विविध ।

## पुनश्च:

१) साधारण सभामा आफ्ना प्रस्तावहरू समाविष्ट गर्न वा प्रस्तावित कार्यसूचीमा नपरेको विषयमा छलफलमा भाग लिन चाहने सदस्यहरुले साधारण सभा शुरु हुनुभन्दा २४ घण्टा अगावै संस्थामा उपस्थित भई नाम टिपाई छलफलमा भाग लिन सकिने छ ।

२) साधारण सभाको दिन उपस्थिति तथा खाजा खर्च वितरणको लागि मिति २०८३ साल आश्विन २५ गते विहान ८:०० वजेदेखि नै खुला रहने छ । साधारण सभामा उपस्थित हुँदा आधिकारिक परिचय पत्रको साथमा उपस्थित हुनुहुन अनुरोध छ ।

३) साधारण सभामा शेयर सदस्यहरुलाई खाजा खर्च वाहेकका अन्य सुविधा (शेयर लाभांस कोष र संरक्षित पुंजी फिर्ता कोषको रकम) सम्वन्धित सदस्यहरुको विशेष बचत खातामा साधारण सभा सम्पन्न भएको मितिले १५ दिनभित्रमा जम्मा गरिने छ ।

..................

**पार्थमणि आचार्य**

**अध्यक्ष**

Website: www.samuhiksaccos.com

E-mail: samuhiksaccos@gmail.com
info@samuhiksaccos.com

# हार्दिक श्रद्धाञ्जली

संस्थाको गत ३१ औं वार्षिक साधारण सभादेखि हालसम्म तपसिल बमोजिमका आदरणीय शेयर सदस्यहरुलाई हामीमाझबाट गुमाउन पुगेका छौं । संस्थाको विकास र उन्नयनमा उहाँहरूले पुऱ्याउनुभएको योगदानको उच्च मूल्यांकन गर्दछौं । संस्थाको गरिमामय ३२ औं वार्षिक साधारण सभाको अवसरमा दिवंगत आदरणीय शेयर सदस्यहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

| | | | |
|---|---|---|---|
| १) अर्जुन ज्ञवाली | – तिलोत्तमा २ | १५) प्रेम कृष्ण भट्टराई | – तिलोत्तमा १ |
| २) उमाकान्त भण्डारी | – तिलोत्तमा ३ | १६) नबिन सिंह थापा मगर | – बुटवल-८ |
| ३) बाबुराम भट्टराई | – तिलोत्तमा १ | १७) सबिता भट्टराई | – बुटवल-११ |
| ४) कर्ण बहादुर खड्का | – तिलोत्तमा ४ | १८) देव कुमारी कुँवर | – तिलोत्तमा १ |
| ५) टीका गुरुङ्ग | – तिलोत्तमा ६ | १९) टेक बहादुर गुरुङ्ग | – तिलोत्तमा १ |
| ६) राम प्रसाद भट्टराई | – तिलोत्तमा ७ | २०) यम बहादुर क्षेत्री | – बुटवल १३ |
| ७) प्रेम कुमार श्रेष्ठ | – तिलोत्तमा ३ | २१) पूर्ण चन्द्र पंगेनी | – तिलोत्तमा ७ |
| ८) खगिसरा पाण्डे | – तिलोत्तमा १ | २२) चन्द्र बहादुर दर्जी | – तिलोत्तमा १ |
| ९) विष्णु गिरी | – तिलोत्तमा ३ | २३) नरिश्वर गैरे | – तिलोत्तमा ६ |
| १०) फुलपति कँडेल | – तिलोत्तमा १४ | २४) शालिकराम ज्ञवाली | – तिलोत्तमा १ |
| ११) दिपक अर्याल | – तिलोत्तमा ६ | २५) केशवराज न्यौपाने | – तिलोत्तमा २ |
| १२) धरिसरा खनाल | – तिलोत्तमा ३ | २६) उदानन्द गिरी | – तिलोत्तमा ३ |
| १३) नारायण शर्मा | – देवदह ७ | २७) प्रकाश थापा | – तिलोत्तमा ३ |
| १४) ओम प्रसाद पराजुली | – तिलोत्तमा ३ | २८) गंगा न्यौपाने | – सियारी १ |

**रेनुका खरेल**
सचिव

तथा

**पार्थमणि आचार्य**
अध्यक्ष

**सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

# विषय सूची



| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १ | संस्था सम्बन्धी सङ्क्षिप्त परिचयः | ४–६ |
| २ | सञ्चालक समितिको तर्फबाट संस्थाका अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन | ७–९ |
| ३ | सञ्चालक समितिको तर्फबाट संस्थाका सचिवद्वारा प्रस्तुत प्रतिवेदन | १०–१७ |
| ४ | सञ्चालक समितिको तर्फबाट संस्थाका कोषाध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन | १८–३२ |
| | आ.व. २०८४/०८५ का लागि प्रस्तावित नीति तथा कार्यक्रमहरू | |
| ५ | लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदनः | ३३–३८ |
| ६ | लेखापरीक्षकको प्रतिवेदनः आ.व. २०८२/०८३ | ३९–४० |
| ७ | लामो फारम लेखापरीक्षण प्रतिवेदन (LFAR): | ४१–४३ |
| ८ | वित्तीय विवरण तथा अनुसूचीहरू लेखा सम्बन्धी नीति तथा टिप्पणीहरू आ.व. २०८२/८३ | ४४–६३ |
| ९ | टिपोटका लागि नोट | ६४ |
| १० | संस्थागत प्रगति विवरण (चार्टमा) | |
| ११ | संस्थागत कार्यक्रमका केही झलकहरू | |

# संस्था सम्बन्धी सङ्क्षिप्त परिचयः

## क) पृष्ठभूमिः

२०५० साल माघ १७ मा जम्मा २०० जना सदस्यबाट कारोबार सुरु गरी दर्ता प्रक्रियामा २६ जना शेयर सदस्य र रु २,६०० शेयर पुँजी सङ्कलन गरी सुरू भएको यो सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि. ३३ वर्षको दौरानमा २०८३ आषाढ मसान्तसम्ममा संस्थामा १२,२९० जना शेयर सदस्य पुगेका छन् । शेयर पुँजी रु ३१ करोड २ लाख ८७ हजार ८ सय मात्र, शेयर सदस्यहरूको जम्मा निक्षेप रु २ अर्ब ६६ करोड ५६ लाख ९० हजार १ सय २८ रुपैयाँ र ४२ पैसा मात्र र लगानीमा रहिरहेको कर्जा रु २ अर्ब ४३ करोड ३७ लाख ३ हजार ४ सय २८ रुपैयाँ र ४८ पैसा मात्र रहेको छ । संस्थाको जगेडा कोषमा २९ करोड २३ लाख ८४ हजार ३ सय ६० रुपैयाँ ३७ पैसा मात्र र अन्य कोषहरूमा रहेको रकम रु १८ करोड ६५ लाख ६८ हजार ३ सय १८ रुपैया र ९७ पैसा मात्र गरी जम्मा रकम रु ४७ करोड ८९ लाख ५२ हजार ६ सय ७९ रुपैया र ३४ पैसा मात्र रहेको छ । रुपन्देही जिल्ला कार्यक्षेत्र रहेको यस सहकारीले आफ्नै सुविधा सम्पन्न भवनबाट तिलोत्तमा नगरपालिका वार्ड नं. ३, शंकरनगरमा मुख्य कार्यालयबाट र तिलोत्तमा ७, भलवारी र शुद्धोदन गाउँपालिका वार्ड नं. ४ फर्साटिकर गरी २ वटा सेवा केन्द्रवाट सेवाकेन्द्र सञ्चालन गरी सदस्यसँग कारोवार गर्दै आएको छ । सहकारीहरू केवल घरायसी गर्जो टार्ने काममा मात्र सीमित रहेको अवस्थामा यस संस्थाले सदस्यलाई व्यावसायिक रुपमा कारोवार गर्न प्रोत्साहन गर्दै आएको छ । हिजो सीमित मात्रामा कर्जा प्रवाह गर्दै आएको यस सहकारीले सदस्यलाई व्यावसायिक उद्देश्यमा एकाघर परिवारभित्र अधिकतम रु २ करोड ५० लाख सम्मको कर्जा प्रवाह गर्ने गरेको छ । वित्तीय संस्थाको व्यापकताको साथै सहकारी संस्थाहरू समेत पर्याप्त भएको कारणबाट फरक पहिचान बनाउन गाह्रो हुनु स्वाभाविक छ । तर पनि जिल्लामा कारोवार गर्ने अन्य सहकारी संस्थाहरूभन्दा फरक रुपमा सञ्चालन गर्नसक्नु नै यसको एउटा महत्वपूर्ण पाटो छ । सहकारी विभागका पटक पटकका निर्देशन, मापदण्ड, नीति नियमको पूर्ण पालनामा प्रतिबद्ध रही कारोवार अगाडि बढाउने, अस्पष्ट र सहकारीलाई कारोवारका लागि असहज बनाउने खालका नीति नियमका बारेमा सम्बन्धित निकायसँग बहस पैरवी गर्ने कार्यमा पनि संस्था सधैं अगाडि रहेको छ ।

## (ख) संस्थामा शेयर सदस्यको अवस्थाः २०८३ आषाढ मसान्तसम्मको सदस्य विवरणः

| विवरण | संख्या |
|---|---|
| मुख्य कार्यालय | ९७१० |
| भलवारी सेवा केन्द्र | १०१३ |
| फर्साटिकर सेवा केन्द्र | ८७३ |
| बुटवल सेवा केन्द्र | ६९४ |
| जम्मा | १२,२९० |

## ग) पुरस्कार तथा सम्मानः

संस्थाले २०६४ सालमा डिभिजन सहकारी कार्यालय रुपन्देहीबाट जिल्लामै उत्कृष्ट सहकारीको रुपमा पुरस्कृत भएको सर्वविदितै छ । त्यसैगरी २०६७ सालमा राष्ट्रिय सहकारी बैंकबाट पश्चिमाञ्चल क्षेत्रमै उत्कृष्ट बचत तथा ऋण सहकारीको रुपमा पुरस्कृत भएको थियो भने २०६९ सालमा डिभिजन सहकारी कार्यालय रुपन्देहीबाट जिल्लाको उत्कृष्ट अध्यक्षको रुपमा तत्कालिन संस्थाका अध्यक्ष श्री चुडामणि खरेलज्यू सम्मानित हुनु भएको थियो । २०७० सालमा राष्ट्रिय सहकारी महासंघले नेपालमै उत्कृष्ट सहकारीको रुपमा छनोट गर्दै उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार-२०७० बाट सम्मानित गरेको थियो । राष्ट्रिय सहकारी बैंकले प्रदेश नं. ५ को उत्कृष्ट

सहकारी २०७३ बाट यस संस्थालाई सम्मानित गरेको छ । अन्तर्राष्ट्रिय सहकारी दिवसको अवसरमा २०७६ सालमा पुनः राष्ट्रिय सहकारी महासंघबाट प्रदेश नं. ५ मा उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०७५ बाट यो संस्था सम्मानित भएको छ । यसै गरी २०७६ सालमा नेफ्स्कुनबाट प्रदेश नं. ५ मा उत्कृष्ट सहकारी संस्थाको रूपमा तथा आ.व. २०८०/८१ मा राष्ट्रिय सहकारी बैंकबाट उत्कृष्ट सहकारीको रुपमा पुरस्कृत भएको थियो । २०८१/८२ मा नेफ्स्कुनद्वारा नेपालकै उत्कृष्ट व्यवस्थापक पुरस्कार-२०८२ बाट यस संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री देवराज ज्ञवालीज्यू सम्मानित हुनुभएको थियो ।

**घ) प्रोवेशन ब्राण्ड प्राप्त तथा एक्सेस ब्राण्डमा सहभागिता:**

यो संस्था बि.सं. २०७३ सालबाट गुणस्तरीय वित्तीय सेवाका लागि पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोवेशन) मा सहभागी भई नेफ्स्कुन र सहकारी विभागबाट २०७६ सालमा पहिलो पटक र २०७७ सालमा समेत गरी दोस्रो पटक प्रोवेशन ब्राण्ड प्राप्त गर्न सफल भएको थियो । संस्था हाल एसियाली स्तरको गुणस्तर मापदण्ड अन्तर्गत एक्सेस ब्राण्ड कार्यक्रम र नेफ्स्कुनबाट सञ्चालित स्क्यान कार्यक्रममा समेत सहभागी भएको छ ।

**ङ) संस्थाको भौतिक संरचना:**

संस्थाको तिलोत्तमा नगरपालिका वार्ड नं. ३ शंकरनगरमा आफ्नै सुविधासम्पन्न ३ तले पक्की भवन रहेको छ । यसैगरी सुविधा सम्पन्न सेवा केन्द्रहरु सञ्चालित छन् । यसका साथै संस्थाले संस्थागत बहुउद्देश्यीय प्रयोजनका लागि तिलोत्तमा नगरपालिका वडा नं. ३ मा श्रेस्ताअनुसार ०-७-१८-० जग्गा खरिद गरेको छ ।

**(च) संस्थागत कार्यक्रमहरूका सन्दर्भमा**

**१) बचत कार्यक्रम:**

संस्थाले सदस्यहरूका लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन अनुसार बचतका प्रकार कायम गरेको छ । जस्तैः नियमित बचत, ऐच्छिक बचत, आवधिक बचत ।

**२) ऋण सुविधा:**

संस्थाको विनियमले निर्दिष्ट गरेका उद्देश्य अनुरुप सदस्यहरूको आर्थिक तथा सामाजिक जीवनस्तर उकास्नका निम्ति निर्वाहमुखी र उत्पादनमुखी २ खालका कर्जा प्रवाह गर्ने गरेको छ । निर्वाहमुखी अन्तर्गत निक्षेप कर्जा भैपरी कर्जा, सामाजिक कर्जा, जग्गा तथा आवास कर्जा, मोटरसाइकल कर्जा, औषधि उपचार कर्जा लगायतका सुविधा उपलब्ध गराउने गरेको छ भने उत्पादनमुखी अन्तर्गत ब्यापार तथा उद्योग, लघु उद्यम व्यवसाय, कृषि आदिमा समेत कर्जा प्रवाह गर्ने गरेको छ ।

**३) सदस्य शोक अनुदान:**

संस्थाले सदस्यहरूको निधनमा शोक अनुदान वापत रु ५१ हजार उपलब्ध गराउने गरेको छ । यसका लागि संस्थाले सामुदायिक विकास कोषको व्यवस्था गरेको छ । सो कोषलाई मजवुत बनाउन प्रत्येक वर्षको खुद बचत (मुनाफाबाट कर रकमको व्यवस्था गरेपश्चात जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्धन कोषमा छुट्याइए पश्चात्) को १० प्रतिशत अंश छुट्टाउने गरिएको छ ।

**४) पारिवारिक शोक अनुदान:**

संस्थाले सदस्यहरूको परिवारको निधनमा रु ५ हजार पारिवारिक शोक अनुदान उपलब्ध गराउने गरेको छ । परिवार भन्नाले पुरुष शेयर सदस्यको हकमा शेयर सदस्यको वाबु, आमा र श्रीमती एवं महिला शेयर सदस्यको हकमा विवाहित भएमा सासू, ससुरा र श्रीमान्को निधनमा एवं अविवाहित भएमा बाबु र आमाको निधनमा पारिवारिक शोक अनुदान उपलब्ध गराउने गरिएको छ । यसका लागि संस्थाले सामुदायिक विकास कोषको रकम परिचालन गर्ने गरेको छ । पारिवारिक शोक अनुदान एउटै व्यक्तिको निधनमा १ भन्दा बढी सदस्यले माग गरेमा सोही रकमलाई दामासाहीले वितरण गर्ने गरिएको छ ।

**५) दुर्घटना मृत्यु विमा:**

संस्थाले सम्पूर्ण सदस्यहरूको रु २ लाख बराबरको दुर्घटना मृत्यु विमा गर्ने गरेको छ ।

### ६) सदस्य लाभ योजना:

यस संस्थाको सदस्यता लिएको निरन्तर २० वर्ष वा सोभन्दा बढी समय भएमा नियमित बचत रकममा १० प्रतिशत रकम थप गरी प्रदान गरिनेछ । यसरी प्रदान गरिने लाभ योजनाको रकम अधिकतम तिस हजारभन्दा बढी हुने छैन । संस्थाले यो योजनाको सफल कार्यान्वयनका लागि सदस्य कल्याण कोषको समेत व्यवस्था गरेको छ ।

### (७) नवजात शिशु स्वागत कार्यक्रम:

आ. व. २०७८/०७९ बाट नवजात शिशु स्वागत कार्यक्रम अन्तर्गत सुत्केरी महिला शेयर सदस्यहरूलाई नाबालक बच्चाको खाता खोल्दा रु २००० उपलब्ध गराउने गरिएको छ । सो प्राप्त गर्नका लागि सदस्यले सम्वन्धित बच्चाको ६ महिनाभित्रमा संस्थामा बाल बचत खाता सञ्चालन गरेको हुनुपर्नेछ । संस्थाले यो प्रयोजनका लागि सामुदायिक सेवा कोषको रकम परिचालन गर्ने गरेको छ ।

### ८) शेयर सदस्यको परिवारमा छात्रवृत्ति कार्यक्रम:

संस्थाले संशोधित नीति अनुसार पुरस्कार तथा सम्मान कार्यक्रमहरूमध्ये कक्षा १२ मा उत्कृष्ट अङ्क ल्याई विज्ञान, व्यवस्थापन, शिक्षा, मानविकी र कानुन सङ्कायबाट उत्तीर्ण शेयर सदस्यका छोरा छोरीमध्येबाट एक-एक जनालाई जनही रु.१०,०००।- का दरले ५ जनालाई र विपन्न शेयर सदस्यका छोराछोरीमध्ये उत्कृष्ट ३ जनालाई जनही रु. १०,०००/- का दरले सम्बन्धित वडा कार्यालयको सिफारिसमा उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने गरेको छ । यसका लागि सदस्यहरूले संस्थाले जारी गरेको सूचना बमोजिम तोकिएको म्यादभित्रै आवेदन दिनु पर्नेछ ।

### ९) नियमित बचतको ब्याज फिर्ता

नियमित बचत खातामा रु १ लाखसम्म बचत भएका सदस्यले आफ्नो नियमित बचत खातामा भएको रकमले वार्षिक रुपमा प्राप्त गरेको ब्याज, सदस्यले चाहेमा श्रावण १ देखि कार्तिक मसान्तभित्रमा निकाल्न सक्ने गरी व्यवस्था मिलाइएको छ । यसका लागि सदस्यले नियमित रुपमा बचत गर्दै आएको हुनुपर्नेछ ।

### १०) नियमित बचत फिर्ता योजना

यस संस्थाका सदस्यहरूले आफ्नो नियमित बचतमा रु २ लाख ५० हजारभन्दा बढी भएका शेयर सदस्यले आफ्नो शेयर रकमको २.५ गुणा वा नियमित बचत रु २ लाखमध्ये जुन वढी हुन्छ सो रकम नियमित बचतमा रहने गरी सोभन्दा माथिको रकम ऋण हिसावमा मिलान गर्ने वा फिर्ता लिन सक्नेछन् । यसरी फिर्ता लिँदा संस्थामा तिर्नुपर्ने ब्याज तथा किस्ता रकम बाँकी नभएको हुनुपर्नेछ । नियमित बचतमा रहेको रकम एकपटक निकालिसकेपछि पुनः अर्को ५ वर्ष रकम झिक्न नपाइने गरी नीतिगत व्यवस्था गरिएको छ ।

### ११) विविध:

**अ) औषधी उपचार कर्जा सुविधा:** संस्थाले आफ्ना सदस्यलाई दीर्घरोगको उपचारका निम्ति विनाब्याजमा १ वर्षको लागि यो कर्जा प्रदान गर्ने गरेको छ । यो कर्जाको सीमा रु. १ लाख निर्धारण गरिएको छ वा अनुदानको रुपमा रु १० हजार प्रदान गर्ने गरिएको छ ।

**आ) प्रविधिमैत्री सेवाहरू:** संस्थाले सदस्यहरूको सुविधाका लागि आधुनिक बैंकिङ्ग सेवा अन्तर्गत ए.टि.एम, मोबाइल बैंकिङ्ग, मिस्कल बैंकिङ्ग, एस. एम. एस. बैंकिङ्ग क्युआर कोड लगायतका सेवाहरू सञ्चालनमा ल्याएको छ । यो सुविधा प्राप्तिका लागि सदस्यहरूले संस्थामा सम्पर्क गरी लिन सक्नुहुनेछ ।

**इ) शिक्षा तथा तालिम:** संस्थाले सदस्यहरूलाई आधारभूत सहकारी सम्बन्धी शिक्षा लगायत विभिन्न लघु उद्यम व्यवसाय संचालनका लागि विभिन्न सीपमूलक तालिम सञ्चालन गर्ने गरेको छ । संस्थाले यसका लागि शिक्षा तथा तालिम उपसमिति गठन गरेको छ । यसका साथै महिला सदस्यहरूको सशक्तीकरण र आर्थिक उपार्जन गर्नका लागि छुट्टै महिला सशक्तीकरण उपसमिति गठन गरेको छ । उपसमितिले विभिन्न हस्तकला सम्बन्धी सामाग्रीहरू बनाउने तालिम, बुटिक, कुसन बनाउने, च्याउ उत्पादन तालिम साथै नेतृत्व विकासका लागि उद्घोषण तालिम लगायत व्यक्तिगत विकासका अवसरहरु उपलब्ध गराउने गरेको छ ।

**ई) सदस्यहरूलाई पुरस्कार तथा सम्मान:** संस्थाको स्थापना दिवसको अवसरमा प्रत्येक वर्ष माघ १७ गते उत्कृष्ट कारोवार गर्ने सदस्यहरूलाई सम्मान गर्ने गरेको छ । संस्थाले उत्कृष्ट बचतकर्ता, उत्कृष्ट ऋणी, उत्कृष्ट व्यवसायी र उत्कृष्ट महिला उद्यमी गरी विभिन्न विधामा गरी प्रत्येक वर्ष कारोवारको आधारमा छनोट गरी पुरस्कृत तथा सम्मान गर्ने गरेको छ ।

# संस्थाको ३२ औं वार्षिक साधारण सभामा सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष श्री पार्थमणि आचार्यज्यूको प्रतिवेदन

आदरणीय प्रमुख अतिथि, विशिष्ट अतिथि, सल्लाहकारज्यूहरू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, विभिन्न उपसमितिका सदस्यज्यूहरू, प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारी साथीहरू, शेयर सदस्य महानुभावज्यूहरू, पत्रकार मित्रहरू तथा सुरक्षा कर्मि लगायत उपस्थित सम्पूर्णमा हार्दिक स्वागत तथा नमस्कार !

आज यस गरिमामय ३२ औं वार्षिक साधारण सभामा अध्यक्षको हैसियतले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा खुसी महसुस गरेको छु । यस अवसरमा संस्थाको उन्नति र प्रगतिका लागि निरन्तर सहयोग, विश्वास र साथ दिनुहुने सम्पूर्ण शेयर सदस्य, कर्मचारी तथा शुभेच्छुकज्यूहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

समाजमा छरिएर रहेको सानो-सानो पुँजी, श्रम र सीपलाई एकीकृत गरी सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गर्नु नै सहकारी स्थापनाको मूल उद्देश्य र मर्म हो । "एकका लागि सबै र सबैका लागि एक" भन्ने विशुद्ध भावनामा आधारित यस अभियानले नागरिकलाई आत्मनिर्भर बनाउन र समाजमा आर्थिक समानता ल्याउन अतुलनीय भूमिका खेल्दै आएको छ ।

नेपालको संविधानले समेत सार्वजनिक, निजी र सरकारी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रका तीन मजबुत खम्बाको रूपमा स्वीकार गर्दै समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा सहकारीको भूमिकालाई संस्थागत गरेको छ । आज देशको कुल गार्हस्थ्य उत्पादन (GDP) र वित्तीय क्षेत्रमा सहकारीले पुऱ्याएको महत्त्वपूर्ण योगदान, लाखौं नागरिकलाई दिएको प्रत्यक्ष रोजगारी र गरिबी निवारणको अभियानले राष्ट्रिय अर्थतन्त्रलाई सबल, स्वाधीन र चलायमान बनाउन अहम भुमिका निर्वाह गर्दै आइरहेको छ । आजभन्दा ३३ वर्षअघि आर्थिक गर्जो टार्न जम्मा २०० जना चेतनशील समाज रुपान्तरणको हुटहुटी बोकेका अग्रजहरूको पहलमा स्थापित यस संस्थाले सफलतापूर्वक ३३ औं वसन्तमा प्रवेश गर्दा, आज १२,००० भन्दा बढी शेयर सदस्यहरूलाई यही राष्ट्रिय अभियानसँग जोड्न सफल भएको छ । यो हाम्रा अग्रजहरूको दूरदर्शिता र तपाईं सम्पूर्ण शेयर सदस्यहरूको अटुट विश्वासको प्रतिफल हो ।

सहकारी अभियान अर्थतन्त्रको महत्त्वपूर्ण मेरुदण्ड हुँदाहुँदै पनि, विगत केही वर्षयता केही सहकारीमा देखिएको चरम विचलन, सुशासनको अभाव र वित्तीय अपचलनका कारण समग्र सहकारी अभियानले सदस्यहरूको विश्वास गुमाउँदै गइरहेको कठिन परिस्थिति हामीमाझ छ । सहकारीको मूल्य र मान्यताभन्दा बाहिर गएर अनुत्पादक क्षेत्रमा लगानी गर्ने र व्यक्तिगत स्वार्थलाई प्रश्रय दिने प्रवृत्तिले यो संकट निम्त्याएको हो । यो वेथितिलाई निराकरण गर्नका लागि सरकारले ऐन कानुनमा संशोधन गर्दै सुशासनको पक्षमा कडा प्रावधान सहित सहकारी ऐन संशोधन गरेको छ । यसबाट बेथितिहरूको समाधान गर्दै सहकारी क्षेत्र अझ मर्यादित हुनेछ भन्नेमा म विश्वस्त छु ।

## १. आर्थिक वर्ष २०८२/०८३ को समीक्षा र वित्तीय उपलब्धी

आ.व. २०८२/०८३ संस्थाका लागि उपलब्धि र चुनौती दुवै दृष्टिले महत्त्वपूर्ण रह्यो । यस वर्ष संस्थामा

कैयौँ नयाँ सदस्यहरू जोडिनुभएको छ । सदस्यहरूको अटुट विश्वास प्राप्त गरेको यस संस्थाले सदस्यहरूबाट सङ्कलन गरेको बचतलाई उत्पादनमूलक क्षेत्रमा ऋणका रूपमा परिचालन गरेको छ, जुन संस्थाको वित्तीय आधारलाई थप सुदृढ बनाउने महत्त्वपूर्ण उपलब्धि हो । गत वर्ष संस्थाले करिब ७ करोड ५८ लाख रूपैयाँ मुनाफा आर्जन गर्न सफल भएको छ । यस नाफाबाट शेयर सदस्यहरूलाई ७.७५ प्रतिशत लाभांश बाँडिनेछ भने कारोबारको आधारमा संरक्षित पुँजी फिर्ता कोषबाट थप रकम वितरण गरिनेछ । यो उपलब्धि तपाईं सम्पूर्ण सदस्यहरूको विश्वास र सहयोग, कर्मचारीहरूको कडा मेहनत, सञ्चालकहरूको सामूहिक नेतृत्व, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरूको निरन्तर खवरदारी, ऋण उपसमितिको लगनशीलता र अन्य उपसमितिहरूको सक्रियताबाट सम्भव भएको हो । यसका लागि तपाईंहरू सबै बधाईका पात्र हुनुहुन्छ ।

## २. जोखिम व्यवस्थापन र कर्जा स्थिति

संस्थाले सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, केन्द्र तथा प्रदेश सहकारी विभाग तथा अन्य नियामक निकायले निर्धारण गरेका वित्तीय अनुपालन र जोखिम व्यवस्थापनका मापदण्डलाई आत्मसात् गर्दै ऋण जोखिम कोषको व्यवस्था गरेको छ । यसले भविष्यमा आउन सक्ने वित्तीय जोखिम व्यवस्थापन गर्न संस्थालाई सहज बनाएको छ । गत आर्थिक वर्षमा राजनीतिक अस्थिरताको प्रभाव, व्यावसायिक मन्दी तथा ऋणी सदस्यहरूको आर्थिक कठिनाइका वावजुत भाखा नाघेको कर्जा ३.६९% कायम हुन गएको छ । साथै, कर्जा असुली कार्य अपेक्षाकृत चुनौतीपूर्ण बन्दै गएको छ । यस अवस्थालाई सञ्चालक समितिले गम्भीर रूपमा लिएको छ । नियमित अनुगमन, सदस्यहरूसँगको समन्वय, पुनर्तालिकीकरणको सुविधा, आवश्यक कानुनी प्रक्रिया तथा प्रभावकारी असुली अभियान मार्फत खराब कर्जा नियन्त्रण गर्ने रणनीति अवलम्बन गरिएको छ ।

## ३. संस्थागत गतिविधिः सकार सम्पत्ति विक्री तथा सेवा केन्द्र

ऋणी सदस्यहरूबाट ऋण असुल गर्ने क्रममा केही धितो सम्पत्ति लिलाम बिक्री गरिएको र केही बिक्रीको क्रममा रहेको व्यहोरा समेत अवगत गराउन चाहन्छु । गत आ.व. सम्म संस्थाको ३ वटा सेवा केन्द्र सञ्चालनमा रहेकोमा हाल संस्थाका दुईवटा सेवाकेन्द्र सञ्चालनमा रहेका छन् । सहकारी विभागको निर्देशन अनुसार आ.व. २०८२।८३ को वित्तीय कार्यसम्पादन सन्तोषजनक नदेखिएको र भावी प्रगतिको समीक्षा गर्दा अपेक्षित प्रगति हासिल हुन सक्ने अवस्था नदेखिएकाले बुटवल सेवा केन्द्र बन्द गरिएको छ भने अन्य सेवाकेन्द्रहरूको वित्तीय अवस्था मूल्यांकन गरी नियामक निकायको निर्देशन समेतलाइ मध्यनजर गर्दै आवश्यक प्रकृया अगाडि बढाइनेछ ।

## ४. चालु आर्थिक वर्षका लक्ष्य तथा योजनाहरू

चालु आर्थिक वर्षमा संस्थाले निम्नलिखित विषयलाई उच्च प्राथमिकताका साथ अगाडि बढाउने लक्ष्य लिएको छः

- **संशोधित ऐन अनुरूप नीतिगत सुधारः** 'सहकारी ऐन २०७४ (संशोधन २०८३)' लागू भएलगत्तै संस्थाका सम्पूर्ण नीति, नियम र कार्यविधिहरूलाई नयाँ कानुनी व्यवस्थासँग नबाझिने गरी परिमार्जन गरिने छ । कर्जा लगानी र असुली प्रक्रियालाई थप चुस्त र जोखिममुक्त बनाइनेछ ।
- **प्रविधिमैत्री सेवा विस्तारः** सदस्यहरूलाई छिटो र सहज सेवा दिन डिजिटल बैंकिङ (मोवाइल बैंकिङ, एसएमएस अलर्ट, फण्ड ट्रान्सफर) लाई थप प्रभावकारी बनाइनेछ ।

- **संस्थागत प्रयोजनका लागि खरीद गरिएको जग्गा व्यवस्थापन:** अघिल्लो सञ्चालक समितिले खरिद गरेको ७ कठ्ठा १८ धुर जग्गामा संस्थाको अत्याधुनिक र प्रविधिमैत्री भवन निर्माण गर्ने योजनालाई हाल स्थगित गरिएको छ । हाल संस्थालाई सभाहल निर्माण गर्न आवश्यक देखिएको हुँदा गत वर्षको साधारण सभाबाट स्वीकृत बजेटको अधिनमा रही चालु वर्षमा सभाहल निर्माण गरिनेछ ।
- **सक्षमता र तालिम:** सदस्य, सञ्चालक र कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि नियमित रूपमा वित्तीय साक्षरता र सहकारी शिक्षाका कार्यक्रमहरू सञ्चालन गरिने छन् ।
- **सामाजिक उत्तरदायित्व:** ८० वर्ष उमेर पुगेका शेयर सदस्यहरूलाई सम्मान गर्ने कार्यलाई यस वर्ष पनि निरन्तरता दिइनेछ। सामाजिक उत्तरदायित्व वहन गर्दै समुदायका लागि आवश्यक विभिन्न सामाजिक कार्यहरू सञ्चालन गरिनेछन् । जसअन्तर्गत संस्थाको नाम झल्किने गरी प्रतिक्षालय निर्माण कार्य सम्पन्न गरिनेछ ।
- **साधारण सभा भत्ता व्यवस्थापन:** यस वर्ष पनि साधारण सभामा उपस्थित सदस्यहरूलाई खाजा/यातायात खर्च बापत रु. १ हजार (कर संस्थाले व्यहोर्ने गरी) उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइएको छ ।
- **संस्थागत सुशासन:** संस्थागत सुशासन कायम राख्दै संस्थालाई थप पारदर्शी, प्रतिस्पर्धी र सदस्य केन्द्रित संस्थाको रूपमा स्थापित गर्ने। राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट यही भाद्र २२ देखि २५ गते सम्म सघन निरिक्षण गरी दिइएका निर्देशन तथा अनुपालनाहरु अङ्गिकार गर्दै सुशासन युक्त सहकारीको रुपमा स्थापित गर्ने ।

अन्त्यमा, यस संस्थालाई आजको यस उचाइमा पुऱ्याउन महत्त्वपूर्ण योगदान दिनुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरू, कर्मचारी, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकारज्यूहरू, उपसमितिको जिम्मेवारीमा रहनुहुने सदस्यज्यूहरू, तथा शुभेच्छुकज्यूहरूमा फेरि एकपटक हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । आगामी दिनहरूमा पनि यहाँहरूको निरन्तर सहयोग, रचनात्मक सुझाव र सक्रिय सहभागिताले संस्थालाई अझ उन्नत र नमूना सहकारीको रूपमा स्थापित गर्न प्रेरणा दिनेछ भन्ने पूर्ण विश्वास लिएको छु। यो वार्षिक प्रतिवेदन माथि आवश्यक छलफल गरी रचनात्मक सुझावसहित अनुमोदन गरिदिनुहुन सम्पूर्ण सदस्य महानुभावहरूमा हार्दिक अनुरोध गर्दै नजिकै आउँदै गरेको नेपालीहरूको महान् पर्व बडा दशैं, शुभ दीपावली, नेपाल संवत् ११४७ तथा छठ पर्वको सुअवसरमा देश तथा विदेशमा रहनुहुने सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

जय सहकारी !

..............................

**पार्थमणि आचार्य**

**अध्यक्ष**

# सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि. को ३२ औं वार्षिक साधारण सभामा संस्थाका सचिव श्री रेनुका खरेलज्यूको प्रतिवेदन

संस्थाको ३२ औं गरिमामय साधारण सभाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, सल्लाहकारज्यूहरु, आमन्त्रित महानुभावहरु, सञ्चालक समितिका उपाध्यक्ष, कोषाध्यक्ष एवंम सदस्यज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक एवम् सदस्यज्यूहरु, विभिन्न उपसमितिका सदस्यज्यूहरु, यस अगावै नेतृत्वमा रहनुभएका पदाधिकारी तथा सदस्यज्यूहरु, पूर्व सल्लाहकारज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू लगायत संस्थाका सम्पूर्ण कर्मचारी मित्रहरु, पत्रकारज्यूहरु एवं सस्थाको ३२ औं साधारण सभामा उपस्थित तपाई सम्पूर्ण आदरणीय शेयर सदस्य महानुभावहरु, यहाँहरु सवैमा म यस संस्थाको सचिव रेनुका खरेलको तर्फबाट सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु ।

### आदरणीय शेयर सदस्य महानुभावहरू,

नेपालमा सहकारीको इतिहास केलाउँदा वि.सं. २०१३ सालमा बखान सहकारी संस्था लि. को स्थापनालाई आधिकारिक रुपमा सहकारीको शुरुवात भएको मानिन्छ । यसलाई आधार मान्दा नेपालमा सहकारी अभियानले ७० वर्ष पूरा गरेको छ । वि.सं. २०४६ सालभन्दा अगाडि सहकारीहरु राज्य नियन्त्रित सहकारी संस्थाको रुपमा सञ्चालनमा रहेका थिए । वि.सं. २०४८ को सहकारी ऐन र सहकारी नियमावली २०४९ ले सहकारीका अन्तर्राष्ट्रिय सिद्धान्तहरुलाई आत्मसात गरे पश्चात नेपालमा सहकारी अभियान तिव्र रुपमा अगाडी वढेको देखिन्छ ।

### आदरणीय शेयर सदस्य महानुभावहरु,

आज हामीले सहकारी अभियानको जुन मर्म बोकेर हिँडेका छौँ, यो केवल केही अंक, ब्यालेन्स सिट वा हिसाब-किताबको मात्र कुरा होइन, यो त हामीजस्तै साधारण मानिसहरूको पसिना, विश्वास र भविष्य जोडिएको एउटा साझा अभियान हो । पछिल्लो समय समग्र सहकारी क्षेत्रले जुन खालका अप्ठ्यारा र चुनौतीहरूको सामना गरिरहेको छ, त्यसले हामीलाई गम्भीर भएर पछाडि फर्केर आत्मसमीक्षा गर्न बाध्य बनाएको छ । सहकारी भनेको रातारात धनी बन्ने वा नाफा मात्र कमाउने कुनै व्यापारिक संस्था होइन । यो त अप्ठ्यारो पर्दा एक-अर्काको आडमा उभिने सामाजिक भावना हो । तर विडम्बना, कतिपय ठाउँमा यसैलाई सजिलो कमाइको माध्यम बनाउन खोजियो, जसले गर्दा आज इमानपूर्वक पसिना बगाएर काम गर्ने संस्थाहरूले पनि प्रश्नको घेरामा बस्नुपरेको छ । यो यथार्थलाई हामीले लुकाएर होइन, खुलेर स्वीकार गर्नुपर्छ । अब हाम्रो ध्यान ठुला देखिने भवन वा देखावटी प्रगतितर्फ होइन, संस्थाभित्रको आन्तरिक सुशासन र सदस्यको एक-एक रुपैयाँको सुरक्षातर्फ पूर्ण रूपमा केन्द्रित हुनुपर्छ ।

हामीले यस आर्थिक वर्षभरि पनि सदस्यको हितलाई सर्वोपरि राखेर काम गर्ने प्रयास गरेका छौँ । तर ऋण प्रवाह गर्नु मात्र हाम्रो सफलता होइन, बरु त्यो ऋण सदुपयोग भएर सम्बन्धित सदस्यको जीवनस्तर उठ्यो कि उठेन भन्ने कुरा मुख्य हो । सदस्यको पुँजी सुरक्षित राख्दै त्यसलाई उत्पादन र रोजगारीसँग जोड्न सक्यौं भने मात्र सहकारीको सार्थकता झल्किन्छ । आगामी दिनमा हामी नीति, विधि र प्रविधिलाई स्थापीत गर्नका लागि अझ कडाइका साथ लागु गर्दै कार्यान्वयनमा जानेछौं ।

संस्थाले आफ्नो मूल ध्येय 'समृद्ध सदस्य, उत्कृष्ट सहकारी' को लक्ष्य प्राप्तिका लागि विभिन्न रचनात्मक कार्यहरू अगाडि बढाइरहेको व्यहोरा यहाँहरूलाई अवगत नै छ । संस्थालाई दिगो रूपमा सञ्चालन गर्नका लागि

मजबुत संस्थागत पुँजी निर्माण गर्ने तथा न्यून ब्याजदरमा उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्ने लगायतका कार्यहरू हामीले सञ्चालन गर्दै आएका छौं । तर, सदस्यहरू आर्थिक रूपमा सक्षम र समृद्ध नभई कुनै पनि सहकारी उत्कृष्ट बन्न सक्दैन । तसर्थ, उत्कृष्ट सहकारी निर्माणको वास्तविक आधार भनेको सदस्यहरूको आर्थिक तथा सामाजिक जीवनस्तर उकास्नु हो । यसका लागि सदस्यहरूलाई सीपसँगै उत्पादनसँग जोड्नुपर्छ । सदस्यहरूलाई विभिन्न आयमुलक तथा रोजगारमूलक तालिमहरू प्रदान गर्ने र लघु उद्यम व्यवसाय सञ्चालनका लागि प्राविधिक तथा वित्तीय सहयोग उपलब्ध गराउने जस्ता व्यावहारिक कार्यहरू गर्न सकेमा मात्र उनीहरूलाई वास्तविक अर्थमा समृद्ध बनाउन सकिन्छ । "सदस्य समृद्ध हुनु भनेको नै सिंगो सहकारी उत्कृष्ट हुनु हो ।"

### आदरणीय शेयर सदस्य महानुभावहरु,

वित्तीय बजारमा बचत तथा ऋणको ब्याजदर निरन्तर घटिरहेको सन्दर्भमा संस्थाले पनि बजारको अवस्था अनुरूप समयमै ब्याजदर समायोजन गर्दै आएको छ । तर, ब्याजदर घटेर सस्तो हुँदा समेत अपेक्षित रूपमा कर्जा लगानी विस्तार हुन सकेको छैन । लगानीमैत्री वातावरण अझै पनि पूर्ण रूपमा बन्न नसक्दा नयाँ उद्यमशीलता गर्न चाहने व्यक्तिहरू पनि लगानी गर्न अनिच्छुक देखिएका छन् । यद्यपि, मुलुकको स्थिर राजनीतिक अवस्था र सकारात्मक दिशा दिने केही आर्थिक सूचकहरूका आधारमा आगामी वर्ष संस्थाले अझ बढी प्रगति हासिल गर्नेछ भन्नेमा हामी पूर्ण विश्वस्त छौं ।

अब म संस्थागत गतिविधिहरू सङ्क्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

### १) संस्थागत गतिविधिमा सहभागिता:

| क.सं. | कार्यक्रमको विवरण | मिति | सहभागी विवरण | आयोजक | ठेगाना |
|---|---|---|---|---|---|
| १ | रणनीतिक समिक्षा कार्यक्रम | २०८२।०५।०२ | सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, ऋण उपसमिति, सल्लाहकार, उच्च व्यवस्थापनका कर्मचारी | सञ्चालक समिति | संस्थाको कार्यालय |
| २ | विनियम संशोधन पूर्व सहमति | २०८२।०७।२५ | श्री सुरेन्द्र कुमार वर्मा, श्री मिनप्रसाद पोखेल, श्री भूमिलाल सापकोटा, श्री देवराज ज्ञवाली, श्री इश्वरी मरासिनी र श्री चन्द्रकान्त पाण्डे | सञ्चालक समिति | सहकारी दर्ता अधिकारीको कार्यालय, दाङ |
| ३ | प्रभु म्यानेजमेन्ट प्रा.लि.लाइ उजुरी | ०८२।०९।१३ देखि १५ सम्म | श्री ईश्वरी मरासिनी | संस्था | सि.आइ.वि. काठमाडौं |
| ४ | संस्थागत क्षमता अभिवृद्धि तालिम | ०८२।१२।०१ देखि ५ सम्म | सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण तथा सेवा केन्द्र सञ्चालन उपसमिति, प्रमुख कार्यकारी अधिकृत सहित ४ जना कर्मचारी | संस्था | पोखरा |
| ५ | जिल्ला स्तरीय हाजिरी जवाफ कार्यक्रम | ०८२।१२।१५ | श्री बुद्धि प्रसाद ज्ञवाली, श्री प्रशन्न श्रेष्ठ र श्री विष्णु कुमारी पाण्डेय | संसार बचत तथा ऋण सहकारी संस्था | बुटवल |
| ६ | एन.एफ.आर.एस तालिम | ०८२।१२।१६ देखि १७ सम्म | प्रशन्न श्रेष्ठ र गौरव पाण्डे | नेफ्स्कून | बुटवल |
| ७ | राष्ट्रिय सहकारी दिवस | ०८२।१२।२० | सञ्चालक समिति एवम् कर्मचारीहरू | जिल्ला सहकारी संघ | बुटवल |
| ८ | राष्ट्रिय सहकारी दिवस | ०८२।१२।१८ देखि २१ सम्म | प्र.का.अ. श्री देवराज ज्ञवाली | नेफ्स्कुन | काठमाडौं |
| ९ | ज्येष्ठ सदस्य देश दर्शन कार्यक्रम | ०८३।०१।०४ देखि ५ गतेसम्म | ६० वर्ष पुगेका सेयर सदस्य, देश दर्शन उपसमिति र दुई जना कर्मचारी | संस्था | पाल्पाको बराङ्दी, गुल्मीको रिडी, रुद्रबेणी र भार्से |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | विस्तारीत मञ्च तथा प्रविधि साक्षरता तालिम | ०८३।०१।२८ गतेसम्म | शेयर सदस्य | संस्था | संस्थाको कार्यालय |
| ११ | प्रभु म्यानेजमेन्ट प्रा.लि.लाइ उजुरी कारवाहि बुझ्न । | ०८३।०१।२७ देखि २९ गतेसम्म | श्री इश्वरी मरासिनी | संस्था | सि.आइ.वि. काठमाण्डौं |
| १२ | पल्स र एम.सि.आइ तालिम | ०८३।०२।०१ | श्री तारा पाण्डे | कृषि ज्ञान केन्द्र | भैरहवा |
| १३ | लिडरसिप बुटक्याम्प | ०८३।०२।०४ देखि ८ गतेसम्म | अध्यक्ष श्री पार्थमणि आचार्य | नेफ्स्कून | काठमाडौं |
| १४ | एक्सेस परामर्श कार्यशाला कार्यक्रम | ०८३।०२।०६ | प्र.का.अ. श्री देवराज ज्ञवाली | नेफ्स्कून | काठमाडौं |
| १५ | उद्यमशिलता सम्वन्धि तालिम | ०८३।०२।२८ | शेयर सदस्य | संस्था | संस्थाको कार्यालय |
| १६ | ट्रस्ट ए.एम.एल. तालिम | ०८३।०४।२० | श्री अमृता सारू र श्री गोकुल सिंह गौड | डेटम सफ्टवेयर | काठमाडौं |
| १७ | नेफ्स्कुन स्थापना दिवस | ०८३।०४।३१ | सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृत | नेफ्स्कून | दाङ |

## २) साधारण सभाका महत्वपूर्ण निर्णय र कार्यान्वयनको अवस्था:

संस्थाले साधारण सभाले निर्दिष्ट गरेका नीति तथा कार्यविधिको अधीनमा रही योजना अनुसार आफ्ना काम कारवाहीहरू सञ्चालन गरेको छ। यसका साथै साधारण सभाका कतिपय निर्णयहरु कार्यान्वयन भईसकेको तथा कतिपय निर्णयहरुलाई कार्यान्वयन गर्न कार्यविधि समेत आवश्यक पर्ने हुँदा कार्यविधि निर्माण प्रकृया समेत सँगसँगै अगाडि वढाउँदै लगिएको छ।

## ३) सञ्चालक समितिका महत्वपूर्ण निर्णय र कार्यान्वयनको अवस्था:

संस्थाले बैठक सञ्चालन कार्यविधि तथा स्वीकृत गरेको सुशासन नीतिको अधीनमा रही आफ्नो बैठक सञ्चालन सम्वन्धी आचारसंहिता लागू गरेको छ। सोही आचारसंहिताको आधारमा सञ्चालक समितिको बैठक बस्ने गरेको छ। त्यसका अतिरिक्त विषयवस्तुको गाम्भीर्यताको आधारमा आवश्यकता अनुसार अन्य बैठक समेत सञ्चालन गर्ने गरेको छ। सञ्चालक समितिलाई कुनै विषयवस्तु उपर राय सल्लाह लिनुपर्ने आवश्यकता परेका वखत सल्लाहकारहरु एवं लेखा सुपरिवेक्षण तथा उपसमितिहरु समेतको बैठक राख्ने गरिएको छ। सल्लाहकार तथा लेखा सुपरिवेक्षण समितिलाई निर्णय प्रकृयामा सहभागिता गराउने गरिएको छैन।

### केही महत्वपूर्ण निर्णयहरू: आ.व.२०८१/८२

| महिना | मिति/निर्णय संख्या | संक्षिप्त महत्वपूर्ण निर्णय / कार्यान्वयनको अवस्था | जम्मा सदस्य संख्या | उपस्थिति |
|---|---|---|---|---|
| श्रावण | २०८२ श्रावण ९<br>निर्णय: ४ वटा | • वार्षिक प्रगति समीक्षा सम्वन्धमा। **(संयुक्त बैठक)**<br>• विस्तारीत मञ्च सञ्चालन सम्वन्धमा। | १३ जना | १२ जना |
| भाद्र | २०८२ भाद्र १८<br>निर्णय: १० वटा | • लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन<br>• संस्थाको ४ वर्षे व्यावसायिक रणनीतिक योजना समीक्षा सम्वन्धमा।<br>• निर्वाचन प्रकृया सम्वन्धमा। | १३ जना | १० जना |
| आश्विन | २०८२ आश्विन १०<br>निर्णय: ८ | • निर्वाचन उपसमितिको प्रतिवेदन सम्वन्धमा।<br>• राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन सम्वन्धमा।<br>• कोषाध्यक्षको प्रतिवेदन सम्वन्धमा . | १३ जना | ९ जना |
| कार्तिक | २०८२ कार्तिक १८<br>निर्णय: १२ वटा | • ३१ औं वार्षिक साधारण सभाका प्रस्तावहरु।<br>• साधारण सभा तैयारी उपसमितिहरु गठन सम्वन्धमा। | १३ जना | ११ जना |

| | | | | |
|---|---|---|---|---|
| | | • निर्वाचन उपसमितिलाई निर्वाचन सम्पन्न गर्न कार्यादेश उपलव्ध गराउने सम्वन्धमा ।<br>• विनियम संशोधन सम्वन्धमा .<br>• निर्वाचन सम्वन्धी पूर्व नेतृत्व अभिमुखीकरण तालिम सञ्चालन सम्वन्धमा ।<br>• साधारण सभामा प्रस्तुत गरिने प्रतिवेदनहरू । | | |
| मंसिर | २०८२ मंसिर १२<br>निर्णय: ७ वटा | • सेवा केन्द्र उपसमितिहरुको रिपोर्टिङ्ग ।<br>• ३१ औं वार्षिक साधारण सभा सम्वन्धी तयारी उपसमितिहरुको रिपोर्टिङ्ग ।<br>• निर्वाचन उपसमितिलाई कार्यादेश थप सम्बन्धमा । | १३ जना | १२ जना |
| पौष | २०८२ पौष १<br>निर्णय: १० वटा | • नीति तथा कार्यविधि मस्यौदा तयारी उपसमितिको प्रतिवेदन ।<br>• कोषाध्यक्षको प्रतिवेदन तथा पूरक बजेट प्रस्तुत ।<br>• आ.व. २०८२/८३ को लागि आन्तरिक तथा वाह्य लेखापरीक्षक नियुक्ति ।<br>• लेखा सुरपिवेक्षण समितिको प्रथम त्रैमासिक प्रतिवेदन ।<br>• प्रभु रेमिटसँग लिनुपर्ने रकमको लागि कानुनी प्रकृया अगाडि बढाउने । | १३ जना | ११ जना |
| पौष | २०८२ पौष ७<br>निर्णय: ६ वटा | • संस्थाको ३१ औं वार्षिक साधारण सभाको समीक्षा सम्बन्धमा ।<br>• संस्थाको ३३ औं स्थापना दिवस सम्वन्धमा । | ९ जना | ९ जना |
| पौष | २०८२ पौष १८<br>निर्णय: १२ वटा | • उपसमितिहरुको गठन सम्वन्धमा ।<br>• सल्लाहकार चयन सम्वन्धमा ।<br>• व्याजदर परिमार्जन सम्वन्धमा ।<br>• पदाधिकारीहरुलाइ अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।<br>• करार सेवामा रहेका कर्मचारीहरुको करार अवधि सम्वन्धमा । | ९ जना | ९ जना |
| माघ | २०८२ माघ १४<br>निर्णय: ११ वटा | • ३३ औं सथापना दिवसको तयारी सम्वन्धमा ।<br>• संयुक्त वैठकको सुझाव कार्यान्वयन सम्वन्धमा ।<br>• ३१ औं वार्षिक साधारण सभाको निर्णय कार्यान्वयन ।<br>• ऋण असुलीको कानुनी प्रकृया तथा सकार सम्पत्ति विक्री गर्ने ।<br>• फ्रन्टियर फोर्स सेक्युरिटी सर्विस प्रा.लि.सँग सम्झौता सम्वन्धमा । | ९ जना<br><br><br><br>९ जना | ९ जना<br><br><br><br>९ जना |
| फाल्गुन | २०८२ फाल्गुन ८<br>निर्णय: १७ वटा | • संस्थाको ३३ औं स्थापना दिवसको खर्च अनुमोदन सम्वन्धमा ।<br>• नागरीक लगानी कोषमा खाता सञ्चालन तथा ग्लोवल आई.एम.ई. वैंकमा रहेको अवकास कोषको रकम ट्रान्सफर सम्वन्धमा ।<br>• सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको क्षमता अभिवृद्धि तालिम सञ्चालन सम्वन्धमा । | ९ जना | ८ जना |
| चैत्र | २०८२ चैत्र २९<br>निर्णय: १४ वटा | • व्याजदर परिमार्जन सम्वन्धमा ।<br>• ६९ औं सहकारी दिवसमा कार्यक्रम सञ्चालन सम्वन्धमा ।<br>• सञ्चालकहरुको क्षमता अभिवृद्धि तालिमको समीक्षा सम्वन्धमा । | ९ जना | ९ जना |
| चैत्र | २०८२ चैत्र २९<br>निर्णय: ४ वटा | • पदपूर्ति उपसमितिको प्रतिवेदन सम्बन्धमा ।<br>• लेखा सुपरिवेक्षण समितिको पातिवेदन सम्बन्धमा । | ९ जना | ९ जना |

| | | | | |
|---|---|---|---|---|
| वैशाख | २०८३ वैशाख ११<br>निर्णय: १० वटा | • सेवा केन्द्रहरुको प्रतिवेदन सम्बन्धमा ।<br>• गैर वैंकिङ्ग सम्पत्ति बिक्री सम्बन्धमा ।<br>• ज्येष्ठ सदस्य अध्ययन अवलोकन भ्रमण सम्वन्धी उपसमितिको प्रतिवेदन ।<br>• एक्सेस कार्यक्रमको स्थलगत निरीक्षण प्रतिवेदन सम्बन्धमा ।<br>• भू सेवा केन्द्रको अनलाइन अनुमति लिने सम्बन्धमा ।<br>• नेतृत्व बुटक्याम्प तालिम सम्बन्धमा । | ९ जना | ७ जना |
| वैशाख | २०८३ वैशाख १७<br>निर्णय: ५ वटा | • बोलकबोल प्राप्त भएका गैर वैंकिङ्ग सम्पत्ति बिक्री सम्बन्धमा । | ९ जना | ९ जना |
| जेष्ठ | २०८३ जेष्ठ १<br>निर्णय: ६ | • आई.एम.ई. कोअपरेटिभ सर्विस लिमिटेडको दस्तखत परिवर्तन सम्बन्धमा<br>• सकार सम्पत्ति विक्रि सम्वन्धी पुनः सूचना प्रकाशन सम्बन्धमा । | ९ जना | ९ जना |
| जेष्ठ | २०८३ जेष्ठ १२<br>निर्णय: ७ वटा | • वोल कवोल पाप्त भएका गैर वैंकिङ्ग सम्पत्ति बिक्री सम्बन्धमा ।<br>• लेखा सुपरीवेक्षण समितिको तेस्रो त्रैमासिक प्रतिवेदन सम्बन्धमा । | ९ जना | ९ जना |
| जेष्ठ | २०८३ जेष्ठ २२<br>निर्णय: १२ वटा | • व्याजदर परिमार्जन सम्बन्धमा ।<br>• ३ दिने बुटक्याम्प तालिमको प्रतिवेदन सम्वबन्धमा ।<br>• मोवाइल वैंकिङ्ग मार्फत क्यु.आर. भुक्तानी सीमा वृद्धि सम्बन्धमा ।<br>• आइ.एम.इ. कोअपरेटिभको खाता बन्द गर्ने सम्वन्धमा ।<br>• भूमि प्रशासन कार्यालय अनलाइन रोक्का फुकुवा तथा शुल्क सम्बन्धमा । | ९ जना | ९ जना |
| असार | २०८३ असार २<br>निर्णय: ८ वटा | • वोलकवोल प्राप्त भएका गैर वैंकिङ्ग सम्पत्ति बिक्री सम्वन्धमा ।<br>• व्याजदर परिवर्तन सम्बन्धमा ।<br>• विस्तारित मञ्च तथा उद्यमशीलता सम्बन्धी अभिमुखीकरण कार्यक्रमको समिक्षा सम्बन्धमा । | ९ जना | ६ जना |
| असार | २०८३ असार १२<br>निर्णय: ११ वटा | • सेवा केन्द्रहरुको निरन्तरता सम्बन्धमा ।<br>• स्थीर सम्पत्ति सांकेतीकरण सम्वन्धी कार्यविधि २०८३ स्वीकृत सम्बन्धमा ।<br>• पेन्सन बचत खाता वन्द गर्ने सम्बन्धमा । | ९ जना | ९ जना |
| असार | २०८३ असार १९<br>निर्णय: ६ वटा | • बोलकवोल प्राप्त भएका सकार सम्पत्ति सम्बन्धमा ।<br>• सेवा केन्द्रहरुको निरन्तरता सम्बन्धमा । | ९ जना | ८ जना |
| असार | २०८३ असार ३२ | • बजेट रकमान्तर सम्बन्धमा ।<br>• पदपूर्ति उपसमितिको प्रतिवेदन सम्बन्धमा ।<br>• सकार सम्पत्ति बिक्री तथा जोखिम व्यवस्थापन सम्बन्धमा ।<br>• धितोको लिलाम बिक्रीको सूचना प्रकाशन सम्बन्धमा । | ९ जना | ९ जना |

## ४) संस्थाका प्रविधिमैत्री सेवाहरू र सेवाहरूको उपभोग:

आजको प्रविधिमैत्री युगमा सहकारी संस्थाहरूले समेत आधुनिक प्रविधिलाई आत्मसात् गर्नु अपरिहार्य भइसकेको छ । यसै वास्तविकतालाई मध्यनजर गर्दै, सामूहिक विकास साकोसले आफ्ना सदस्यहरूलाई सम्पूर्ण अत्याधुनिक बैंकिङ सेवाहरू उपलब्ध गराउँदै आएको छ । अब हाम्रा सदस्यहरूलाई वित्तीय कारोबारका लागि बैंक धाइरहनुपर्ने बाध्यता नरहेको जानकारी गराउन पाउँदा खुसी लागेको छ । संस्थाद्वारा सञ्चालित आधुनिक प्रविधि मैत्री सेवाहरूको विवरण यसप्रकार छ :

- ✓ क्यु मेसिनमार्फत लाइन व्यवस्थापन
- ✓ मिस्डकल मोवाईल सेवा
- ✓ ए.टि.एम. सेवा
- ✓ न्युनतम शुल्कमा डेविट कार्ड
- ✓ कनेक्ट आई.पि.एस. सेवा
- ✓ क्यु आर कोड मार्फत सजिलै रकम भुक्तानी
- ✓ न्युनतम शुल्कमा अन्य वैंकमा रकम ट्रान्सफर
- ✓ ई.सेवा, खल्ती सेवा
- ✓ रेमिटैन्स (विप्रेषण) सेवा

- ✓ युटिलिटी पेमेन्ट (खानेपानी, विद्युत, टेलिफोन)
- ✓ हवाई टिकेटिङ्ग सेवा
- ✓ टप अप सेवा
- ✓ विमा रकम भुक्तानी
- ✓ न्युनतम शुल्कमा मोवाइल बैंकिङ्ग सेवा
- ✓ संस्थाले CBS को इनफिनिटि सफ्टवेयर प्रयोग गरेको छ
- ✓ आकाश डिजिटलको DMS सफ्टवेयर प्रयोग गरेको छ
- ✓ Go AML को लागि Datum को सफ्टवेयर प्रयोग गर्दै गरेको छ

## ५) अ) संस्थाको व्यवस्थापन संरचना:




## आ) संस्थाको कर्मचारी दरबन्दि संरचना:

| क.सं. | पद | तह | संख्या |
|---|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत | दशौं | १ |
| २. | वरिष्ठ व्यवस्थापक | सातौं | १ |
| ३. | अधिकृत | छैठौं | २ |
| ४. | बरिष्ठ सहायक | पाँचौं | १ |
| ५. | सहायक पाँचौं | पाँचौं | ३ |
| ६. | सहायक चौथो | चौथो | ३ |
| ७. | उप-सहायक तेस्रो | तेस्रो | ६ |
| ८. | उप-सहायक दोस्रो | दोस्रो | ६ |
| ९. | फिल्ड उत्प्रेरक | दोस्रो | १ |
| १०. | हल्का सवारि चालक | सवारी चालक प्रथम | १ |
| ११. | कार्यालय सहयोगी | कार्यालय सहयोगी प्रथम | २ |
| १२. | सहयोगी | सहयोगी | १ |
| | जम्मा | | २८ |

## ६) संस्थाको स्थीर सम्पत्ति तथा भौतिक संरचना:

- तिलोत्तमा ३, शंकरनगरमा ०-१-५ क्षेत्रफलमा कार्यालय रहेको भवन ।
- तिलोत्तमा ३, शंकरनगरमा ०-७-१८ क्षेत्रफलको जग्गा ।
- स्कोरपियो गाडी: १ थान ।
- मोटरसाईकल: २ थान ।
- आवश्यक भौतिक पूर्वाधारहरू ।
- एटिएम मेसिन ।
- भौतिक पूर्वाधार सम्पन्न २ वटा सेवा केन्द्र ।
- पूर्णतया प्रविधिमैत्री अत्याधुनिक सफट्वेयर ।

## ६) संस्थागत सेवा सुविधा:

**क) नवजात शिशु स्वागत कार्यक्रम:** यस संस्थाले आ.व. २०७९/८० बाट लागू हुने गरी शुरुवात गरेको नवजात शिशु स्वागत कार्यक्रम खर्च वापत मिति २०८२ साल मंसिर महिनादेखि २०८३ साल श्रावण मसान्तसम्म नावालक सदस्यको बाल बचत खाता सञ्चालन हुने गरी जम्मा ६ जना सदस्यलाई रु २ हजार रकम प्रदान गरिएको छ ।

**ख) औषधिउपचार कर्जा तथा सहयोग अनुदान:** गत २०८२ साल मंसिर देखि २०८३ साल श्रावण मसान्तसम्म यस संस्थाका शेयर सदस्यहरुमध्ये जटिल प्रकृतिका रोगहरु लागी उपचार गर्नका लागि औषधिउपचार कर्जा वापत निर्ब्याजी रु १ लाख रकम १ वर्षसम्मका लागि जना ३ सदस्यहरुले उपभोग गर्नुभएको छ भने कर्जा लिन नचाहने जम्मा ५ जना सदस्यहरुले औषधिउपचार अनुदान वापत रु १० हजार सहयोग लिनुभएको व्यहोरा अनुरोध गर्दछौं ।

**ग) सदस्य शोक अनुदान रकम:** सस्थाबाट सामाजिक उत्तरदायित्व अर्न्तगत आफ्ना सदस्यहरुका निधनमा उपलव्ध गराउने गरिएको क्रिया खर्च वापत रु ५१ हजार सदस्य शोक अनुदान रकम उपलव्ध गराउने गरिएकोमा गत साधारण सभादेखि मिति २०८३ साल आश्विन ८ गते सम्ममा जम्मा २८ जना सदस्यहरुको निधनमा निजका हकवालालाई रकम प्रदान गरिएको छ ।

**घ) पारिवारिक शोक अनुदान रकम:** यस संस्थाका शेयर सदस्यहरुको परिवारमा पुरुषको हकमा बाबु वा आमा, श्रीमतीको निधनमा एवं महिला शेयर सदस्यको हकमा सासू वा ससुरा, श्रीमान तथा अविवाहित महिलाको हकमा बाबु वा आमाको निधनमा संस्थाले पारिवारिक शोक अनुदान वापत रु ५ हजार उपलव्ध गराउने गरेको छ । संस्थाले गत साधारण सभादेखि मिति २०८३ साल आश्विन ८ गते सम्म जम्मा ६१ जना सदस्यलाई पारिवारिक शोक अनुदान वापत रकम वितरण गरेको छ ।

**ङ) आधिकारिक जिम्मेवारी:**

अ) संस्थामा गुनासो सुन्ने अधिकारी: प्रमुख कार्यकारी अधिकृत ।

आ) सूचना अधिकारी: वरिष्ठ व्यवस्थापक ।

इ) Compliance Officer : टेलर हेड लाई आधिकारीक जिम्मेवारी दिएको छ ।

## ७) राजस्वमा योगदान:

संस्थाको तर्फबाट गत आर्थिक वर्षमा देहायवमोजिमका शीर्षकमा रु १,७८,३०,५६६।४० कर दाखिला गरेको व्यहोरा सवै शेयर सदस्यहरुमा जानकारी गराउन चाहन्छु ।

| क्र.सं. | शीर्षक | राजस्व रकम | कैफियत |
|---|---|---|---|
| १ | आयकर | ६८,४९,९३१।८८ | |
| २ | व्याज कर | ७२,१६,८७०।६७ | |
| ३ | लाभांश कर | १५,४७,८२८ | |
| ४ | खाजा तथा यातायात खर्च कर | १६,०२,३९३ | |
| ५ | बैठक भत्ता कर | १,०५,६७७।५२ | |
| ६ | घर वहाल कर | ६४,७०३।३२ | |
| ७ | सामाजिक सुरक्षा तथा पारिश्रमिक कर | ३,३४,६४६ | |
| ८ | अन्य कर | १,०८,५१६।०१ | |
| | जम्मा | १,७८,३०,५६६।४० | |

**९) शोक प्रस्तावः** यस संस्थाको गत साधारण सभादेखि हालसम्म जम्मा २८ जना सदस्यको निधन भएको छ। संस्थाको उन्नयनमा पुर्याउनुभएको योगदानको उच्च मूल्यांकन गर्दै दिवंगत सदस्यहरुप्रति यो गरिमामय साधारण सभा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ। शोकको यस घडीमा दिवंगत सदस्यहरुको परिवारमा हार्दिक समवेदना अर्पण गर्दै यो शोक प्रस्ताव पारित गरिदिनुहुन सादर अनुरोध गर्दछु।

अन्त्यमा प्रतिवेदन तयार गर्न सहयोग गर्नुहुने सवैमा हार्दिक आभार सहित संस्थाको विकासका लागि अहोरात्र खट्नुहुने तपाई सम्पूर्ण शेयर सदस्य महानुभावहरु, हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी पाल्नुहुने प्रमूख अतिथि, अतिथिज्यूहरु लगायत सम्पूर्णमा पुनः हार्दिक धन्यवाद ज्ञापन गर्दै विदा हुन चाहन्छु।

**जय सहकारी।**

..........................
**रेनुका खरेल**
**सचिव**

# सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि. को ३२ औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट संस्थाका कोषाध्यक्ष श्री विष्णुहरि पन्थीज्यूद्वारा प्रस्तुत नीति तथा कार्यक्रम र बजेट

आदरणीय यस संस्थाका अध्यक्षज्यू, स्थापना कालका अध्यक्ष एवं पूर्व अध्यक्षज्यूहरू, सल्लाहकारज्यूहरू, सञ्चालक समितिका उपाध्यक्ष, सचिव, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू, सञ्चालक समितिका सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका सदस्यज्यूहरू, प्रमुख कार्यकारी अधिकृतज्यू, कर्मचारी मित्रहरू, पत्रकार एवं सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा हार्दिक नमस्कार !

यस गरिमामय साधारण सभामा संस्थाको कोषाध्यक्षको हैसियतले आर्थिक वर्ष २०८२-८३ को गतिविधि, चालु आ.व. तथा आगामि आ.व. २०८४-८५ को संस्थाको समग्र आर्थिक प्रगति सम्बन्धी संक्षिप्त प्रतिवेदन पेश गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु। सहकारी संस्थाको मुख्य उद्देश्य सदस्यहरूको आर्थिक, सामाजिक तथा व्यावसायिक हित अभिवृद्धि गर्दै बचत गर्ने बानीको विकास, आवश्यकता अनुसार ऋण तथा वित्तीय सेवा उपलब्ध गराउने र सदस्यहरूको आर्थिक समृद्धिमा योगदान पुऱ्याउनु हो। यस उद्देश्यलाई आत्मसात् गर्दै संस्थाले आफ्नो वित्तीय कारोबारलाई पारदर्शी, व्यवस्थित, सुरक्षित र सदस्य केन्द्रित बनाउँदै आएको छ।

हाल सहकारी क्षेत्रमा देखिएका विभिन्न चुनौतीहरूलाई मध्यनजर गर्दै संस्थाले सदस्यहरूको विश्वास कायम राख्ने, बचतको सुरक्षा गर्ने, ऋण लगानीलाई थप व्यवस्थित बनाउने तथा अनावश्यक खर्च नियन्त्रण गर्ने नीतिलाई प्राथमिकता दिई, संस्थाको दिगो विकासका लागि, सदस्यहरूको सक्रिय सहभागिता, नियमित बचत, समयमै ऋण भुक्तानी गर्ने र सस्थाप्रतिको जिम्मेवारीपूर्ण व्यवहार अत्यन्त महत्त्वपूर्ण छ।

आगामी दिनमा संस्थाको वित्तीय अवस्था थप सुदृढ बनाउँदै, सदस्यहरूको आवश्यकता र हितलाई केन्द्रमा राखेर सेवा विस्तार गर्ने, उत्पादनशील क्षेत्रमा लगानी विस्तार गर्ने, वित्तीय जोखिम न्यूनीकरण गर्ने र संस्थालाई अझ पारदर्शी सक्षम र दिगो बनाउने तर्फ विशेष ध्यान दिइने छ। अब संस्थाको निम्न विषयहरूमाथि प्रकाश पार्न चाहन्छु।

१) गत आ.व. ०८२/८३ को बजेट कार्यक्रम माथि समीक्षा

२) आगामी आ.व. २०८४।८५ का लागि संस्थागत नीति र कार्ययोजना

३) संस्थागत नीति र आगामी कार्ययोजना

## १. आ.व. ०८२/८३ को बजेट कार्यक्रम माथि समीक्षा

- **ऋण लगानी तथा असुली:** गत आ.व. मा बजारको मन्दी र व्याजदरमा आएको फेरबदलका कारण ऋण विस्तारमा केही सुस्तता आए पनि संस्थाले जोखिम न्यूनीकरणमा विशेष ध्यान दिएको छ। भाखा नाघेका ऋणहरूको व्यवस्थापनका लागि कानुनी प्रक्रिया अपनाई धितो सकार गर्ने र नियमानुसार व्यवस्थापन गर्ने कार्य गरिएको छ।
- **वित्तीय नतिजा:** राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन बमोजिम कर्जा नोक्सानी व्यवस्था तथा सकार गरिएको सम्पत्तिमा शतप्रतिशत जोखिम व्यवस्था गर्नुपर्दा संस्थाको मुनाफामा केही दबाब परे तापनि संस्थाको वित्तीय आधार सबल रहेको छ। गत आ.व. २०८२-८३ मा आ.व. २०८१-८२ को आधारमा आम्दानीमा २३.८० प्रतिशतले कमी आएको छ भने अनुमानित आम्दानी लक्ष्यको आधारमा १९.३४ प्रतिशतले मात्र कमी आएको छ। यसैगरी खर्चमा गत आ.व. २०८२-८३ मा आ.व. २०८१-८२

को आधारमा ३४.५० प्रतिशतले कमी भएको छ भने अनुमानित खर्चको अनुपातमा २२.६१% ले कमी आएको छ ।

- **तरलता व्यवस्थापन:** हाल वित्त वजारमा धेरैजसो बैंक तथा वित्तिय संस्था एवं सहकारी संस्थामा समेत तरलताको अवस्था अत्यधिक देखिएको छ । तरलता व्यवस्थापनका लागि विभिन्न बैंक तथा वित्तीय संस्थामा मुद्धतिको रूपमा रकम राख्ने प्रकृयालाई निरन्तरता दिइएको छ । यद्यपि सवै बैंक तथा वित्तीय संस्थाको व्याजदर अत्यन्त न्यून रहेको अवस्था छ । यसले समेत संस्थाको मुनाफामा धेरै प्रभाव पारेको देखिन्छ ।
- **ब्याजदर निर्धारण:** संस्थाको तरलता बढी भएको निक्षेप तथा ऋणको व्याजदर समेत वित्त वजारमा रहेका अन्य वैंक तथा वित्तिय संस्थाको व्याजदरलाई आधार मानी व्याजदर निर्धारण गरिएको छ। लगानीका लागि पर्याप्त वातावारण हुन नसक्दा ऋण लगानी समेत उल्लेख्य वृद्धि हुन सकेको छैन। निक्षेप वृद्धिको तुलनामा कर्जा विस्तार लक्ष्य अनुसार हुन नसक्दा संस्थाको वासलात वृद्धिको अवस्था नकारात्मक देखिएको छ ।

## २. आगामी आ.व. २०८४।८५ का लागि संस्थागत नीति र कार्ययोजना

### शेयर तर्फ:

क) सदस्यहरूको शेयर रकममा ठूलो भिन्नता भएको तथा सहकारीको मूल मर्म समानतालाई मध्यनजर गर्दै गत वर्षको साधारण सभाले स्वीकृत गरेको कार्यक्रमको आधारमा चालु आ.व.बाट लागु हुने गरी देहायबमोजिमका कार्य गर्न व्यवस्थापनलाई जिम्मेवारी दिइएको व्यहोरा यस गरिमामय साधारण सभामा जानकारी गराउन चाहन्छु ।

अ) कम्तिमा रू २०००। शेयर रकम भएका र १ वर्ष अवधि पूरा भएका सदस्यहरूको नियमित बचतबाट समायोजन हुने गरी रू १० हजार शेयर रकम कायम गर्ने

आ) रू १ लाखभन्दा माथि शेयर रकम हुने सदस्यहरूको शेयर रकम विशेष बचत खातामा रकमान्तरण गरिदिने। सदस्यले चाहेमा रकमान्तरण गरिएको रकम नियमित बचत खातामा समेत जम्मा गर्न सक्नेछन्।

इ) नियमित बचत रू १ लाख ५० हजारभन्दा माथि पुगेका सदस्यहरूले रू ३० हजार सम्म शेयर खरिद गर्न चाहेमा सदस्यलाई शेयर खरिद गर्नका लागि प्रोत्साहन गरिनेछ ।

ख) नयाँ सदस्यताको लागि देहाय बमोजिम शुल्क निर्धारण गरिएको छ ।

| | |
|---|---|
| शेयर रकम: रू १०० को २० कित्ताले हुन आउने रकम: | रू २०००।- |
| प्रवेश शुल्क: | रू १५०।- |
| नियमित बचत: | रू ५००।- |
| विशेष बचत: | रू ५००।- |
| सदस्य कल्याण कोष: | रू २०००।- |

(नियमित बचत अधिकतम मासिक रू ५ हजारभन्दा बढी हुने गरी जम्मा गर्न पाइनेछैन ।)

**पुनश्च:** सदस्य कल्याण कोषको रकम सदस्यहरूको निधनमा शोक अनुदान वितरण गर्न, सदस्यको परिवारमा निधन हुँदा पारिवारिक शोक अनुदान वितरण गर्न र सदस्य औषधिउपचार राहत स्वरूप सहयोग प्रदान गर्ने वाहेक अन्यमा खर्च हुने छैन । यो शुल्क एकपटक मात्र लाग्नेछ भने सदस्यता त्याग हुँदा समेत यो रकम फिर्ता हुने छैन ।

ग) बचत र शेयरको अनुपात मिलान गर्न हाललाई रू १ लाख भन्दा माथि शेयर हुने सदस्यहरूको शेयर रकम फिर्ता गर्ने व्यवस्था मिलाइएको छ। आगामी आ.व. २०८४-८५ बाट यो सिमा रू ५० हजार भन्दा माथि शेयर हुने सदस्यहरूको शेयर रकम रकमान्तरण गरी विशेष बचत खातामा जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।

## बचत सेवा तर्फः

**क)** सदस्यहरूले हाल ३ प्रकारका बचतहरूमा रकम जम्मा गर्दै आउनुभएको छ। बचतका प्रकारहरू निर्धारण गर्दा राष्ट्रिय सहकारी नियमन प्राधिकरणको नियामकिय मापदण्ड तथा निर्देशन अनुसार बचतका प्रकारहरू देहायवमोजिम निर्धारण गरिएको छ।

**अ) आवधिक बचतः**

- ६ महिने आवधिक बचत
- १ वर्षे आवधिक बचत
- २ वर्षे आवधिक बचत

**आ) ऐच्छिक बचत खाताः**

- साधारण बचत
- बचत खाता
- प्रौढ बचत
- कारोवार बचत खाता
- कर्जा सुरक्षण बचत खाता
- बाल बचत खाता

**इ) नियमित बचतः**

- नियमित बचत खाता
- जेष्ठ सदस्य बचत खाता

**ख) पेन्सन बचत खाता बन्द गरिएकोः** सदस्यहरूको सहभागिता अत्यन्त न्यून रहेको तथा बर्तमान वित्त बजारमा देखा परेको व्याजदरको अवस्थाको कारण उक्त पेन्सन खाता सञ्चालन हुन नसक्ने एवं दीर्घकालीन रूपमा संस्थालाइ अतिरिक्त भार पर्ने अवस्था देखा परेकाले सदस्यहरूको अनुरोधमा उक्त खाताहरू बन्द गरिएको छ। सदस्यले हालसम्म प्राप्त गरेको व्याज पुँजीकृत गरी सम्वन्धित सदस्यहरूको बचत खातामा रकमान्तरण गरिएको व्यहोरा सम्वन्धित सवै सदस्यहरूलाई जानकारी गराउँदछौं।

**ग) नियमित बचत फिर्ता योजनाः** संस्थाले नियमित बचतमा रू २ लाख ५० हजारभन्दा माथि भएका शेयर सदस्यहरूले आफ्नो नियमित बचतमा रू २ लाख वा शेयर पुँजीको २.५ गुणा मध्ये जुन बढी हुन्छ उक्त रकम नियमित बचतमा रहने गरी सो भन्दा माथिको रकम फिर्ता गर्न चाहेमा फिर्ता गर्न सकिने व्यवस्था भएकोमा यसलाई देहायवमोजिम परिमार्जन गरिएको छ।

अ) रू ३० हजारभन्दा माथि शेयर पुँजी रहने सदस्यहरूले आफ्नो शेयरमा रु ३० हजार र नियमित बचतमा रु ५० हजार रहने गरी सोभन्दा माथिको रकम फिर्ता लिन सक्नेछन्।

आ) रू १० हजार देखि ३० हजारसम्म शेयर पुँजी रहने सदस्यले शेयर पुँजी बराबर हुने गरी बचत राखी सो भन्दा माथिको फिर्ता गर्न सक्ने गरि व्यवस्था मिलाइएको छ।

इ) संस्थामा राख्नुपर्ने न्युनतम शेयर पुँजी रू १० हजार कायम गरिएको छ। सदस्यता लिंदा २० कित्ता शेयर खरिद गरी सदस्यता लिएका सदस्यहरूको १ वर्ष अवधि पुगेपश्चात निजहरूको बचतबाट शेयरमा रकम रकमान्तरण गरी १०० कित्ता शेयर कायम गर्न सकिनेछ तर ऋण मिलान गर्ने प्रयोजनका लागि २० कित्ता शेयर रहने गरी ऋण हिसाव मिलान गर्न उल्लेखित बुँदाले बाधा पार्ने छैन।

ई) उल्लेखित शेयर तथा बचत रकमबाट ऋण मिलान वा बचत फिर्ता गरेका सदस्यले कवुल गरेको रकम नियमित रुपमा जम्मा गर्न पर्ने छ।

उ) संस्थामा तरलताको कमी भई ऋण लगानी गर्दा रकम अभाव हुने अवस्था सृजना भएमा सञ्चालक समितिको निर्णयबाट शेयर तथा बचत रकम फिर्ता गर्ने योजना स्थगित गर्न सक्नेछ ।

ऊ) नियामक निकायको निर्देशनानुसार संस्थाले ऐच्छिक बचत खाता अर्न्तगत रहने गरी कारोबार बचत खाता सञ्चालन गरेको छ । यो खाता व्यावसायिक कारोवार ऋण लिएको सदस्यभन्दा अरू सदस्यले सञ्चालन गर्न पाउनेछैनन् । यो बचत खातामा सदस्यले उपयोग गरेको ऋण रकम भन्दा बढि हुने गरी बचत जम्मा गर्न पाइने छैन । व्यावसायिक कारोबार ऋण र कारोबार बचत खाताको ब्याजदर समान रहने छ । खाता सञ्चालन सम्बन्धी अन्य व्यवस्था बचत तथा ऋण कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

## ऋण लगानी तथा असुली तर्फः

क) सदस्यहरूको एकाघर परिवारमा लगानी गरिने ऋणको अधिकतम सिमा रू २ करोड ५० लाख कायम गरिएको छ भने व्यावसायिक तथा उत्पादनमूलक ऋणको लागि सदस्यलाई रू २ करोड ५० लाखसम्म ऋण लगानि गर्न सकिने छ ।

ख) संस्थाले व्यवसाय गरेका सदस्यहरूको आवश्यकतालाई मध्यनजर गरी सरल व्यवसायीक ऋण प्रदान गर्दै आएकोमा अधिविकर्षण प्रकृतीको ऋण लगानी नगर्न नेपाल सरकार राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन अनुसार उक्त ऋणको प्रोडक्ट खारेज गरिएको छ ।

अ) **सरल व्यावसायिक कारोबार ऋणः** उद्योग, व्यवसाय गरिरहेका शेयर सदस्यहरूको माग अनुसार व्यवसाय सञ्चालन गर्न चालु पूँजीको आवश्यकता परिपूर्ती गर्ने उद्देश्यले संस्थाले ऋणको नयाँ प्रोडक्ट सरल व्यवसायीक कारोबार ऋण सञ्चालनमा ल्याएको छ । यसका विशेषताहरू देहायवमोजिम रहेका छन् ।

- यो ऋण परिचालन गर्ने सदस्यहरूले ऋणमा तिर्नुपर्ने व्याज बराबर हुने गरी कारोवार बचत खाता खोलिने छ ।
- ऋणको व्याज मासिक रूपमा भुक्तानी गर्नुपर्नेछ, अन्यथा नियमानुसार १ प्रतिशत अतिरिक्त व्याज लाग्नेछ भने बचतको व्याज त्रैमासिक रुपमा दैनिक मौज्दातको आधारमा गणना गरी खातामा जम्मा गरिनेछ ।
- यो बचतमा निजले परिचालन गरेको ऋणभन्दा वढी रकम हुने गरी जम्मा गर्न पाइने छैन ।
- यो ऋणको सिमा एक सदस्यमा १ करोडसम्म लगानी गर्न सकिनेछ । सञ्चालक समितिले उच्च क्रेडिट स्कोर भएका ऋणी भएमा अधिकतम रू २ करोडमा नवढाई लगानी गर्न सक्नेछ ।
- सेवा शुल्कको सन्दर्भमा जतिसुकै ऋण भए तापनि ०.५ प्रतिशत सेवा शुल्क लाग्नेछ ।

आ) **व्यावसायिक ऋण (Fixed interest rate)** संस्थामा रहेको तरलता व्यवस्थापन, सदस्यहरूको माग र वित्त बजारमा देखा परेको अनिश्चितता समेतलाइ मध्यनजर गर्दै सञ्चालक समितिको निर्णयबाट यो प्रोडक्टको विकास गरी कार्यान्वयन प्रकृया अगाडि बढाइएको छ । यो ऋणको विशेषता देहायवमोजिम रहेको छ ।

- ऋणको सेवा शुल्क ०.५ प्रतिशत लाग्नेछ भने यो ऋणको व्याजदर २ वर्ष स्थीर रहने छ ।
- ऋणमा व्याजदर वार्षिक ६.५ प्रतिशत कायम गरिएको छ भने व्याज मासिक रूपमा भुक्तानी गर्नुपर्नेछ अन्यथा १ प्रतिशत थप व्याज लाग्नेछ ।
- १ वर्ष अगावै कर्जा चुक्ता गर्न चाहेमा बाँकी कर्जाको १ प्रतिशत अतिरिक्त शुल्क लाग्नेछ ।

ग) **भाखा नाघेको ऋण व्यवस्थापनः** भाखा नाघेको ऋण व्यवस्थापन अन्तर्गत देहायवमोजिमका कार्यहरू गरिनेछ ।

- प्रत्येक वर्ष ऋणी सदस्यहरूको विगतमा लिएको ऋणको किस्ता र व्याज भुक्तानीको अवस्था, ऋण असुली

तथा ताकेता अन्तर्गत फोन वा प्रत्यक्ष जाँदाको कर्मचारीहरूसँगको व्यवहार, पारिवारिक अवस्था, ऋणी सदस्यको आयस्रोतको अवस्था, त्रैमासिक, अर्धवार्षिक र वार्षिक खातावन्दीमा व्याज तथा किस्ता भुक्तानीको अवस्था विश्लेषण गर्ने गरी ऋणी सदस्यहरूको क्रेडिट स्कोर निर्धारण गरिनेछ। अत्यन्त न्युन क्रेडिट स्कोर प्राप्त गर्ने सदस्यलाई ऋण लगानी गर्न संस्था वाध्य हुने छैन। पहिलोपटक लगानी गरिने ऋणीलाई क्रेडिट स्कोर गणना गरिने छैन।

- वर्तमान वित्त बजारमा देखा परेको मन्दीका कारण संस्थामा भाखा नाघेको ऋण पनि बढ्दै जानसक्ने सम्भावना हुने भएकाले कानुनी प्रकृया सँगसँगै भाखा नाघेको ऋण व्यवस्थापनका लागि सदस्यहरूसँग भेटघाट, संवादलाई निरन्तरता दिंदै ऋणी तथा निजको परिवारको आर्थिक अवस्थाको विश्लेषण गरी ऋण तथा व्याजको पुनर्संरचना तथा व्याजदरमा संशोधन लगायतका कार्य गर्नका लागि सञ्चालक समितिलाइ अख्तियारी दिन प्रस्ताव गरिएको छ।

घ) व्यावसायिक कारोवार ऋण वाहेक सवै ऋणहरू मासिक तथा त्रैमासिक किस्तावन्दिमा लगानी गरिने छ।

ङ) ऋण लगानी गर्दा अनिवार्य रूपमा ऋणीको आयस्रोत खुल्ने गरी कागजात माग गर्ने, तिर्न सक्ने क्षमतालाई प्राथमिकतामा राखि पर्याप्त धितो लिएर मात्र ऋण लगानी गरिनेछ।

## च) ऋण लगानी गर्दा लिइने सेवा शुल्कलाई देहायवमोजिम लिने गरी प्रस्ताव गरिएको छ।

| | |
|---|---|
| o रू ५ लाखसम्म ऋणको लागिः | रू १,५००। |
| o रू ५ लाखदेखि १५ लाखसम्मको लागिः | रू २,५००। |
| o रू १५ लाखदेखि रू ३० लाखसम्मको लागिः | ०.२५ प्रतिशत |
| o रू ३० लाखदेखि रू ५० लाखसम्मको लागिः | ०.३५ प्रतिशत |
| o रू ५० लाखभन्दा माथिको जतिसुकै भए तापनिः | ०.५० प्रतिशत |

स्वीकृत लगानी गरिएको ऋण रकम नियमित रूपमा किस्ता र व्याज बुझाएका सदस्यले पुनः ऋण थप गर्न चाहेमा थप गरिने कर्जामा मात्र सेवा शुल्क लाग्ने व्यवस्था गरिएको छ। यो सुविधा ऋण लगानी भएको मितिले १ वर्षभित्रमा उपयोग गर्ने सदस्यले मात्र प्राप्त गर्ने छ।

## छ) संस्थाबाट लगानी गरिने सवारी साधन कर्जा सम्वन्धमा देहाय बमोजिम व्यवस्था गरिएको छ।

अ) चारपांग्रे सवारी साधन कर्जा प्रवाह गर्दा सदस्यले सवारी साधनका अतिरिक्त अन्य चल अचल सम्पत्ति समेत धितो राख्न मञ्जुर भएको अवस्थामा सवारी साधन खरिद मूल्यको अधिकतम ७० प्रतिशतसम्म लगानी गर्न सकिने र लगानी गरिने रकमको २५ प्रतिशतसम्म धितो जमानत वा नियमित वा आवधिक बचत धितो जमानत राखी लगानी गर्न सकिनेछ। सवारी साधन संस्थाको नाममा रोक्का रहनेछ।

आ) चारपांग्रे सवारी साधन कर्जा अन्तर्गत सवारी साधन धितो रहने गरी कालो नम्वर प्लेटको हकमा सवारी साधन खरिद मूल्यको ६० प्रतिशत र रातो नम्बर प्लेट भएको हकमा सवारी साधन खरिद मूल्यको ५० प्रतिशत रकम लगानी गर्न सकिनेछ।

इ) सवारी साधन मोटरसाइकलको हकमा मोटरसाइकल धितो रहने गरी साधन मूल्यको ६० प्रतिशत लगानी गर्न सकिनेछ।

ई) सवारी साधन कर्जा (मोटरसाइकल)को अवधि अधिकतम २ वर्षको हुनेछ भने अन्य सवारी साधनको अवधि ५ देखि ६ वर्षसम्मको हुनेछ।

ज) संस्थाको ऋण कार्यविधिमा रहेको स्वीकृत व्यवस्थाअनुसार संस्थाको ऋण उप कार्यदलले सबै निक्षेपको ९०% ऋण, रू ३० लाख सम्म आन्तरिक ऋण कार्यदल, रू ३० लाख देखि १ करोडसम्म ऋण उपसमिति र रू १ करोडभन्दा माथि सञ्चालक समितिबाट ऋण लगानी स्वीकृत गर्न सक्ने व्यवस्था रहेकोमा ऋण लगानी प्रकृयालाइ चुस्त दुरूस्त वनाउनका लागि ऋण लगानी स्वीकृति सम्वन्धी व्यवस्थामा रू १ करोड भन्दा माथिको ऋण स्वीकृत सम्वन्धी व्यवस्थामा परिमार्जन गरी सञ्चालक समितिका पदाधिकारी अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र ऋण उपसमिति ३ जना गरी जम्मा ७ जनाको बैठकबाट स्वीकृत गराई ऋण प्रवाह गर्न सकिने गरी प्रस्ताव गरिएको छ। पदाधिकारी बैठकबाट स्वीकृत भई लगानी गरिएको ऋण संस्थाको तत्पश्चात बस्ने सञ्चालक समितिको बैठकबाट अनुमोदन गराउनु पर्ने छ ।

झ) व्यवसायिक उद्देश्यमा लगानी गरिएको ऋणको अनुगमन प्रकृयालाई निरन्तरता दिइनेछ । अनुगमनको क्रममा अनुत्पादक क्षेत्रमा लगानी भएको पाइए उल्लेखित कर्जाको सहुलियत हटाई नियमानुसार थप व्याजदर लाग्नेछ ।

ञ) संस्थाले नेपाल सरकार भूमि व्यवस्था तथा सहकारी मन्त्रालयबाट जारी निर्देशन बमोजिम भूमि प्रशासन कार्यालयबाट अनलाइन रोक्का तथा फुकुवा गर्नका लागि भू सेवा सञ्चालन सुविधा लिएकोमा उक्त कार्य गर्नका लागि देहायवमोजिम शुल्क लिने गरी प्रस्ताव गरिएको छ ।

| | |
|---|---|
| रोक्का: | रू १,२००।०० |
| फुकुवा: | रू ५००।०० |

ट) **ऋणको ग्रेस पिरियड:** हालसम्म सबै कर्जाको ग्रेस पिरियड ६ महिना कायम गरिएकोमा अब ऋणको शिर्षकको औचित्यता हेरी ग्रेस पिरियड कायम गर्न सञ्चालक समितिलाई अख्तियारी दिन प्रस्ताव गरिएको छ ।

## जोखिम व्यवस्थापन र गैर-बैंकिङ सम्पत्ति (Non–Banking Assets) व्यवस्थापन:

- धितो लिलाम तथा सकार गरिएका सम्पत्तिहरूलाई नियमनकारी निकायको निर्देशन बमोजिम छिटोभन्दा छिटो बिक्री गरी नगदमा रूपान्तरण गर्ने कार्यलाई प्राथमिकता दिइ अगाडि बढाइनेछ। संस्थाले जम्मा ६ जनाको ७ वटा धितो लिलाम सकार गरेकोमा ४ वटा बिक्री वितरण भई हक हस्तान्तरण गरिसकिएको, १ वटा धितोको बोलकबोल प्रकृया सम्पन्न भइसकेको छ ।
- बिक्री भइसकेका सम्पत्तिको लगतकट्टा गर्ने र बिक्री हुन बाँकी रहेका सम्पत्तिको हकमा पुन: सूचना प्रकाशन गरी बिक्री प्रकृया अगाडि बढाउने गरी कार्य योजना स्वीकृत गरिएको छ ।
- जोखिम व्यवस्थापन अन्तर्गत संस्थाबाट ऋण प्रवाह भइसकेका ऋणीहरूको धितोको पुन: निरीक्षण गरी जोखिमको स्तर मापन प्रकृया अगाडी बढाइनेछ। धितोको पुन: निरीक्षण गर्दा साविक मूल्यांकन रकममा २० प्रतिशतभन्दा बढी ह्रास हुने अवस्थामा धितो थप गर्न वा ऋण रकम घटाउनका लागि पत्राचार गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।
- कुल बचत संकलन र प्रभावकारी कर्जा लगानी बीचको सन्तुलन कायम गर्दै जोखिमयुक्त कर्जा (Non–Performing Loans) असुलीका लागि कानुनी प्रक्रिया अन्तर्गत सूचना प्रकाशन प्रकृयालाई निरन्तरता दिइनेछ ।

## सेवा केन्द्र सञ्चालन र व्यवस्थापनः

क) सहकारी विभागको निर्देशन र सेवा केन्द्रको उपयोगिता, सदस्यहरूको सहभागिताको स्तर तथा संस्था सञ्चालन खर्च, मुनाफाको अवस्था लगायतका कारण बुटवल सेवा केन्द्र सञ्चालन गर्न कठिनाइ उत्पन्न भएकाले सञ्चालक समितिको निर्णयअनुसार मिति २०८३ साल भाद्र १ गतेदेखि लागु हुने गरी वुटवल सेवा केन्द्र बन्द गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

ख) संस्थाको कार्यक्षेत्र रूपन्देही जिल्लाभर भएकाले सदस्यहरूलाई सहज रूपमा कारोवार गर्नका सर्वसुलभ सेवा प्रवाह संस्थाको प्रमुख दायित्व हो । यसका लागि पायक पर्ने स्थानमा रहेका सेवा केन्द्रहरूलाइ निरन्तरता दिने तथा ति सेवा केन्द्रहरूलाइ यसै आ.व. भित्र आत्मनिर्भर (Self–reliance) संस्थाको रूपमा स्थापना गर्ने गरी व्यवस्थापन गरिनेछ ।

ग) हाल भलवारी र फर्साटीकरमा सञ्चालित सेवा केन्द्रहरूलाई थप प्रभावकारी बनाउँदै सदस्यहरूको घरदैलोमा वित्तीय सेवा पुऱ्याउने र स्वस्फूर्त रूपमा कारोबार सञ्चालन गर्ने नीति लिइनेछ ।

## कर्मचारी सेवा सुविधा, व्यवस्थापन र क्षमता विकासः

क) नेपाल सरकारले सरकारी सेवामा कार्यरत कर्मचारीहरूको तलवमान वृद्धि गर्ने निर्णयअनुसार नेपाल सरकारको राजपत्रमा प्रकाशित तलव सेवा सुविधा सम्वन्धी अनुसूची ५ अनुसार संस्थाका कर्मचारीहरूलाई समेत तलव, ग्रेड, भत्ता र सुविधा मिति २०८३ श्रावण १ गते देखि नै उपलब्ध गराईएको छ ।

ख) संस्थाको आर्थिक अवस्थाको आधारमा समयानुकुल कर्मचारीहरूको तलब भत्ता सेवा सुविधा सञ्चालक समितिले निर्धारण गरे अनुसार हुने छ ।

ग) कर्मचारी भर्ना गर्दा प्राविधिक योग्यता प्राप्त कर्मचारी र सहायक स्तरका कर्मचारी भर्नालाई प्राथमिकता दिइनेछ ।

घ) प्रविधि सँगसँगै अद्यावधिक हुन नसक्ने कर्मचारीहरूको हकमा स्वेच्छिक अवकास योजना लागू गरी कर्मचारीहरूको व्यवस्थापन गर्न सक्ने अधिकार सञ्चालक समितिमा रहने गरी प्रस्ताव गरिएको छ । स्वेच्छिक अवकास योजनाले पर्न सक्ने आर्थिक भार कर्मचारी बोनस कोषमा छुट्टाइएको रकमबाट व्यवस्था गरिनेछ । यो व्यवस्था २ चरणमा लागू गरिनेछ । पहिलो चरणमा सहायक पाचौं तहसम्म र दोस्रो चरणमा यसको प्रभाव हेरी सो भन्दा माथि लागू गर्ने नीति लिइने छ ।

ङ) नयाँ कर्मचारी भर्ना गर्दा प्रशिक्षार्थीको रूपमा लिई कार्यसम्पादनको आधारमा निरन्तरता दिइनेछ । नयाँ कर्मचारी भर्ना गर्दा कार्यभार (Workload), कार्यप्रकृति, उद्देश्य र उपलब्ध स्रोतसाधनको विश्लेषण र अध्ययन गरी कार्यालयको संरचना, दरबन्दी र कार्यपद्धतिलाई मितव्ययी, छरितो र प्रभावकारी बनाउने गरी कर्मचारी भर्ना गरिनेछ ।

च) वित्तीय क्षेत्रमा प्रविधिको विकास तीव्र रूपमा भइरहेको तथा आर्टिफिसियल इन्टिलिजेन्सको प्रयोग अपरिहार्य भइसकेको अवस्थामा कर्मचारीहरूलाई सोही अनुसार दक्ष, प्रतिस्पर्धी र सिपयुक्त बनाउनका लागि कर्मचारी क्षमता अभिवृध्दि सम्वन्धी तालिमहरू सञ्चालन गर्ने गरी राष्ट्रिय सहकारी नियमन प्राधिकरणले तोके अनुसारको बजेट व्यवस्थापन गरिएको छ ।

छ) कर्मचारीहरूलाई निरन्तर वृत्ति विकासका अवसरहरू उपलब्ध गराइ उत्प्रेरणा प्रदान गरिनेछ । कामको आधारमा प्रत्येक वर्ष उत्कृष्ट कर्मचारीको रूपमा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

ज) उत्प्रेरीत कर्मचारी नै संस्था विकासको आधार हुन् भन्ने कुरालाइ मनन गर्दै कर्मचारी हित अनुकुल हुने गरी संस्थाको मानव संशाधन कार्यविधि (कर्मचारी प्रशासन नियमावली) संशोधन गरिनेछ ।

झ) सामाजिक सुरक्षा कोषमा कर्मचारी सहभागिता हुनुपूर्व स्थायी सेवामा कार्यरत कर्मचारीहरूलाई संस्थाको कर्मचारी प्रशासन नियमावली २०७२ अनुसार उपदान सुविधा सम्वन्धमा अघिल्लो सञ्चालक समितिको मिति २०८२।०१।२६ गतेको निर्णयअनुसार गत आ.व. २०८२-८३ मा सम्वन्धित सवै कर्मचारीहरूको नागरीक लगानी कोषमा उपदान कोष खाता सञ्चालन गरी भुक्तानी गरिएको छ भने कर्मचारीहरूलाई उपदान रकम भुक्तानी गरी बाँकी रहेको रकमलाइ संस्थाको औषधिउपचार कोषमा ट्रान्सफर गरिएको छ । औषधिउपचार कोषको हकमा सञ्चालक समितिको मिति २०८२।०१।२६ गतेको निर्णयअनुसार कार्यान्वयन गरिने छ ।

ञ) कर्मचारीहरूको दुर्घटना तथा औषधी उपचार बापतको बिमा कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

## साधारण सभा व्यवस्थापन:

क) साधारण सभाको मितव्ययीता: नियामक निकायको निर्देशन अनुरूप साधारण सभालाई भड्किलो हुन नदिई मितव्ययी बनाइनेछ ।

ख) साधारण सभामा दिइने यातायात तथा साधारण सभा बैठक भत्ता वापतको रकम राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन अनुसार आगामी वर्ष २०८४ सालबाट नगदको रूपमा उपलव्ध नगराउने गरी गत ३१ औं साधारण सभाबाट निर्णय भएकोमा नियामक निकायले साधारण सभामा सामान्य खाजा खुवाउन सकिने भन्ने व्यवस्था भएको तर ठूलो संख्यामा रहेका सदस्यलाई खाजा व्यवस्थापन गर्न कठिनाइ हुने भएकाले साधारण सभामा उपस्थित हुँदाका वखत अधिकतम रू १ हजार खाजा वापत नगद (नियमानुसार लाग्ने कर संस्थाले भुक्तानी गर्ने) उपलव्ध गराउने गरी आवश्यक व्यवस्था गर्नका लागि कार्यालयलाइ जिम्मेवारी दिने तथा सोही अनुसार संस्थाका नीति तथा कार्यविधिहरूमा समेत संशोधन गर्ने प्रस्ताव गरिएको छ ।

## संघहरूमा भएको लगानी रकम सम्वन्धमा:

क) संशोधित सहकारी ऐन तथा नियामक मापदण्ड अनुसार प्रारम्भिक सहकारी संस्थाले अभिभावकिय भूमिका निर्वाह गर्ने रूस्कुन, प्रोस्कुन र नेफ्स्कुन लगायतका संघहरूमा सदस्यता शुल्क तथा नवीकरण शुल्क वाहेक लगानीको रूपमा शेयर तथा बचत राख्न नपाउने व्यवस्था गरिएको हुँदा संघहरूमा लगानीको रूपमा रहेको बचत र शेयर लगायतका रकम फिर्ता गर्ने गरी आवश्यक प्रकृया अगाडि वढाउन सञ्चालक समितिलाई अख्तियारी दिन प्रस्ताव गरिएको ।

ख) लुम्बिनी विशिष्टीकृत सहकारी संघमा शेयर रकम रु १,००,४९,७०० रहेको छ । हाल उक्त संघमा भएको शेयर लगानी रकम राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशनानुसार असुल गर्न सुझाव प्राप्त भएकाले सो रकम फिर्ता गर्ने गरी आवश्यक प्रक्रिया अगाडि बढाउन सञ्चालक समितिलाई अख्तीयारीको लागि प्रस्ताव पेश गरेको छु ।

## सदस्य सुरक्षा कार्यक्रम सम्वन्धमा:

क) संस्थाका सबै सदस्यहरूको रू २ लाख वरावरको दुर्घटना मृत्यु विमा वापतको कार्यक्रमलाई निरन्तरता दिइएको ।

ख) सदस्यको निधनमा रू ५१,०००। प्रदान गर्ने नीतिलाई निरन्तरता दिइएको छ। तर नियमित बचतमा रू १ लाख नपुगेका तथा सदस्यहरूको अघिल्लो आर्थिक वर्षसम्मको नियमित बचत रकम निरन्तरता नभएका सदस्यहरूलाइ संस्थाले शोक अनुदान उपलब्ध गराउने छैन। तर निक्षेप बचतमा रू २ लाख मौज्दात रहेका सदस्यहरूको हकमा यो नियम लागू हुने छैन।

ग) सदस्यको परिवारमा निधन भएमा पारिवारीक शोक अनुदान वापतको रकम रू ५ हजारलाई निरन्तरता दिइएको छ।

घ) बुदा नं. ख र ग मा उल्लेखित शोक अनुदान सदस्य वा सदस्यको परिवारको मृत्यु भएको मितिले १८२ दिन भित्र मात्र उपलब्ध गराईने छ।

ङ) संस्थामा सदस्यहरूको लागि प्रदान गरिँदै आएको सदस्य लाभ योजना वापतको रकम नियमित बचतको आधारमा २० वर्ष समयावधि पूरा भएका सदस्यले सदस्यता त्याग गर्न चाहेमा १० प्रतिशत वा अधिकतम रू ३०,०००। रकम प्रदान गर्ने व्यवस्था लाई यथावत कायम गरिएको छ।

च) गत वर्ष २०८२ सालमा सम्पन्न भएको ३१ औं वार्षिक साधारण सभामा पेश गरिएको सदस्य औंषधिउपचार सेवा सुविधा सम्वन्धमा कार्यविधि बनाई व्यवस्थापन गरिनेछ।

## तरलता व्यवस्थापन (Liquidity Management):

- राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन अनुसार तोकिएको तरलता अनुपात (Liquidity Ratio) कायम राखिने छ।
- सन्दर्भ ब्याज दर र फरकता दर (Spread Rate ) नियमाकीय निकायका निर्देशन अनुसार कायम गरिने छ।

## कार्यालय सम्पत्ति तथा स्थिर सम्पत्ति सांकेतीकरण (Fixed Asset Codification):

- संस्थाको मुख्य कार्यालय र सेवा केन्द्रहरू (भलवारी, फर्साटिकर) मा रहेका स्थिर सम्पत्तिहरूको उचित सुरक्षा, पहिचान र भौतिक प्रमाणीकरणका लागि स्थिर सम्पत्ति सांकेतीकरणको कार्यलाई प्रभावकारी रूपमा सम्पन्न गर्न 'स्थीर सम्पत्ति सांकेतीकरण सम्बन्धी कार्यविधि, २०८३' कार्यान्वयन गरिनेछ।
- कार्यालयमा रहेका सम्पूर्ण स्थीर सम्पत्ति सामानहरूको वार्षिक रूपमा अनिवार्य भौतिक प्रमाणिकरणको व्यवस्था मिलाइनेछ।

## आन्तरिक नियन्त्रण प्रणाली र प्रविधिमैत्री सेवा

- संस्थाबाट प्रदान गरिने वित्तीय सेवालाई थप सुरक्षित, पारदर्शी र प्रविधिमैत्री बनाइनेछ।
- सदस्यहरूको गुनासो सुनुवाइ र आन्तरिक नियन्त्रण प्रणाली (Internal Control System) लाई थप मजबुत वनाइनेछ।
- मुख्य कार्यालय र सेवा केन्द्रबाट प्रवाह गरिने सेवालाई सरल, थप सुरक्षित वनाउनका लागि टु वे अथेन्टीकेसन, मेकर र चेकरको व्यवस्था लगायतका आवश्यक सुरक्षाका उपायहरू अवलम्बन गरिनेछ।
- सदस्यको बचत तथा ऋणको कारोवारको विवरण कानुनले तोके वमोजिम वाहेक अन्यलाइ उपलव्ध गराइने छैन। सदस्यहरूको कारोवारको विवरण गोपनियता राख्ने जिम्मेवारी संस्थाको हुनेछ।

## योजना तथा बजेट कार्यक्रम

### क) सुशासन खर्चः

### १) बैठक भत्ता रकम सम्बन्धमाः

साधारण सभा, पदाधिकारी, सञ्चालक, लेखा सुपरिवेक्षण समिति र विभिन्न उपसमितिहरूको वैठक तथा वैठक भत्ता तथा अन्य सेवा सुविधा सम्वन्धमा । सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र विभिन्न उपसमितिहरूको सेवा सुविधा र वैठक भत्ता संख्या र रकम देहायवमोजिम कायम गरिएको छ ।

| विवरण | वैठक भत्ता संख्या (वार्षिक) | प्रति वैठक भत्ता रकम | जम्मा खर्च | अन्य सुविधा |
|---|---|---|---|---|
| साधारण सभा | १२५३४ | १,१७६।५० | १,४७,४६,२५१।०० | नभएको |
| सञ्चालक समिति | १५x९ | १,१७६।५० | १,५८,८२७५ | नभएको |
| लेखा सुपरिवेक्षण समिति | १२x३ | १,१७६।५० | ४२,३५४।०० | नभएको |
| ऋण उपसमिति | ९०x३ | १,१७६।५० | ३१७६५५ | नभएको |
| संयुक्त वैठक | २x१७ | १,१७६।५० | ४०,००१।०० | नभएको |
| विस्तारित वैठक | २x२४ | १,१७६।५० | ५६,४७२।०० | नभएको |
| निर्वाचन उपसमिति | १०x३ | १,१७६।५० | (आगामी आ.व.मा नपर्ने भएकाले नराखिएको) | सञ्चालक समितिको निर्णयअनुसार |
| सेवा केन्द्र सञ्चालन | ६x२x३ | ५८८।२५ | २११७७ | सेवा केन्द्र उपसमितिको |
| अन्य उपसमिति | १५० | ५८८।२५ | २,६४,७१२।५० | नभएको |

नोटः अन्य उपसमितिको वैठक भत्ता कुनै एक प्रयोजनका लागि गठन भएको उपसमितिले सो प्रयोजनमा जतिसुकै बैठक भएतापनि ५ वटाभन्दा वढी बैठक भत्ता प्राप्त गर्ने छैनन् तर एउटै उपसमितिले फरक फरक प्रयोजनका लागि बैठक भएको अवस्थामा भने यो बुँदाले फरक पार्ने छैन ।

### २) पदाधिकारीको सेवा सुविधा सम्वन्धमाः

| विवरण | इन्धन खर्च प्रति महिना | सञ्चार खर्च प्रति महिना | पारिश्रमीक प्रति महिना | भत्ता | जम्मा वार्षिक |
|---|---|---|---|---|---|
| अध्यक्ष | १५,०००। | २,०००। | नभएको | बैठक भत्ता | २,०४,०००।०० |
| उपाध्यक्ष | ६,०००। | १,०००। | नभएको | बैठक भत्ता | ८४,०००।०० |
| सचिव | ५,०००। | १,०००। | नभएको | बैठक भत्ता | ७२,०००।०० |
| कोषाध्यक्ष | ४,०००। | १,०००। | नभएको | बैठक भत्ता | ६०,०००।०० |
| लेखा सुपरिवेक्षण समिति संयोजक | नभएको | १,०००। | नभएको | बैठक भत्ता | १२०००।०० |

### ३) अ) प्रमुख कार्यकारी अधिकृतको सेवा सुविधा सम्बन्धमाः

करार सम्झौता तथा सञ्चालक समितिको बैठकबाट निर्णय भए अनुसार दशौं तहको मासिक स्केल रु ६२४६६, महङ्गी भत्ता रु ५००० र स्केलको शत प्रतिशत अन्य भत्ता प्रदान गरिएको छ ।

आ) प्रमुख कार्यकारी अधिकृतलाई अन्य सुविधा वापत संस्थाको विनियम तथा कर्मचारी प्रशासन नियमावली (मानव संशाधन व्यवस्थापन कार्यविधि) अनुसारको विदा, बोनस, औषधी उपचार सुविधा तथा अन्य सुविधा प्रदान गरिनेछ तर निजलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गराइएको छैन ।

### ३) दैनिक भ्रमण भत्ता सम्वन्धमा:

| विवरण | दैनिक भ्रमण भत्ता (जिल्ला वाहिरको हकमा) स्वदेश | विदेश |
|---|---|---|
| सञ्चालक समिति | रू २,५००। प्रति दिन | सञ्चालक समितिले तोके अनुसार । |
| लेखा सुपरिवेक्षण समिति | रू २,५००। प्रति दिन | |
| शेयर सदस्य | रू २,५००। प्रति दिन | |
| उपसमिति, प्रमुख कार्यकारी अधिकृत, अधिकृत स्तरका कर्मचारी | रू २,५००। प्रति दिन | |
| वरिष्ठ सहायक, सहायक, उपसहायक, अन्य | रू २,०००। प्रति दिन | |

### ख) अन्य खर्च:

### अ) पुँजीगत खर्च सम्वन्धमा:

आ.व. २०८४।८५ मा सम्पत्ति खरिदका लागि छुट्टै बजेट तयार गरिएको छैन । कुनै सम्पत्ति सामग्री आकस्मिक रूपमा बिग्रेर खरीद गर्नुपर्ने अवस्थाको लागि देहायबमोजिम जगेडा सम्पत्ति खरिदको लागि प्रस्ताव गरिएको छ ।

| क्र.सं. | सम्पत्ती विवरण | संख्या | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | जगेडा सम्पत्ति खरीद (फर्निचर तथा अन्य आकस्मिक) | | रू १०,००,०००। | |
| | जम्मा सम्पत्ति | | रू १०,००,०००। | |

### ३) संस्थागत नीति र आगामि कार्ययोजना:

आ) संस्थाको आ.व. २०८४-८५ को अनुमानित आम्दानी तयार गर्दा गत आ.व. २०८२-८३ मा भएको यथार्थ आम्दानी र आगामी आ.व.मा लगानी हुन सक्ने रकम तथा वित्त बजारमा व्याजदरमा निरन्तर घटेको अवस्थालाइ आधार मानी निर्धारण गरिएको छ भने खर्चहरूमा आवश्यकता अनुसार तथा रणनीतिक योजनाले निर्धारण गरेको खर्चको आधारमा तयार गरिएको छ । यसै अनुसार संस्थाको नाफा नोक्सान र वासलात तयार गरी स्वीकृतिको लागि पेश गरिएको छ ।

### बजेटको सीमा:

क) बजेट तयार गर्दा रणनीतिक योजनालाई सन्दर्भको रूपमा प्रयोग गरिएको छ ।

ख) आम्दानी र खर्चका शिर्षकहरूलाई आवश्यकताअनुसार समायोजन तथा परिमार्जन गरिएको छ ।

ग) आम्दानीमध्ये व्याज आम्दानी निर्धारण गर्दा ऋणको व्याजदर गत आ.व. २०८२-८३ को खुद प्राप्त व्याजदरमा २० प्रतिशतसम्म घट्न सक्ने र थप ऋण लगानीबाट कुल आम्दानीको १० प्रतिशतसम्म प्रक्षेपण गरी तयार गरिएको छ ।

घ) यसैगरी ऋणको व्याजदर पनि सोही अनुसार घट्न सक्ने प्रक्षेपण गरी तयार गरीएको छ ।

ङ) संस्थाको सदस्यता वृद्धिदर बढीमा २ प्रतिशत वृद्धि हुनसक्ने अवस्थालाई मध्यनजर गरी सुशासन खर्च समेत चालु आ.व.को आधारमा स्थीर रहने अनुमान गरी प्रक्षेपण गरिएको छ ।

च) खर्चको वृद्धिदर सामान्यतया न्युन रहनेछ भने प्रशासनिक खर्च अन्तर्गत कर्मचारीको तलवमान वाहेक अन्य खर्चहरू सामान्य मात्र वृद्धि हुने अनुमान गरी यो बजेट तयार गरीएको छ ।

छ) अन्य आम्दानीमा सामान्य वृद्धि हुने अनुमान गरी यो बजेट तयार गरिएको छ ।

## आम्दानीतर्फः

| क.स. | उद्देश्य | आ. व. २०८२/०८३ को | | आ. व. २०८३/०८४ को | | आ. व. २०८४/०८५ को |
|---|---|---|---|---|---|---|
| | | अनुमानित | यथार्थ | अनुमानित | यथार्थ (२०८३/ भाद्र ३१ सम्मको) | अनुमानित |
| १ | व्याज आम्दानी | २७८,९२९,४३६।५२ | २२७१५४०१४।९१ | २७९,४५९,१०५।७१ | २८०९६६२०।०७ | २२५,०००,०००।००० |
| २ | प्रवेश शुल्क आम्दानी | २४४,५०० | ५८३५०।०० | २६८,९५० | ६६००।०० | ४५,०००।००० |
| ३ | कमिशन आम्दानी | ६,१९५ | ३६०८।५७ | ६,८१४ | ४७९।८४ | - |
| ४ | विविध आम्दानी | १००,००० | ८०८००।०० | २००,००० | ३०९१०।०० | २००,०००।००० |
| ५ | वैंक रकममा व्याज आम्दानी | १०,३७५,६८९।८२ | ६३०४९७५।८२ | १३,३६३,८५३ | ७७९७९४।५२ | १५,०००,०००।००० |
| ६ | प्रकृयागत शुल्क आम्दानी | ५,५४८,६६४ | ५५६७३१८।९६ | ६,८०४,५२९ | ५६३१३९।५० | ८,५००,०००।००० |
| ७ | जोखिम कर्जा कोष आम्दानी | - | | | १२११८९१७५० | १५,०००,०००।००० |
| ८ | मोवाईल वैंकिङ्ग रिचार्ज कमिसन आम्दानी | ३६५,६४० | ३४५०००।०० | ४०२,२०४ | ४०२००।०० | ३००,०००।००० |
| ९ | लगानीवाट प्राप्त वोनस आम्दानी | १,४४७,९०७।३६ | ५१४८५।०० | १,४११,६४८ | | २,५००,०००।००० |
| १० | तालिम संचालनवाट | - | | | | - |
| ११ | रेमिटैन्स आम्दानी | १४,१५३।१३ | ३५८८।०२ | १५,५६८ | | |
| | जम्मा | २९७,०३२,१८५।०९ | २३९,५६९,१४१ | ३०१,९३२,६७३ | ४१,६३६,६६१ | २६६,५४५,००० |

## ख) साधारण सभा तथा बैठक भत्ता विवरणः

| क.सं. | विवरण | पद | संख्या | तलव स्केल | वैठक भत्ता | जम्मा मासिक | ग्रेड | जम्मा तलव ग्रेड | सामाजिक सुरक्षा कोष | प्राविधिक/ जनसम्पर्क तथा यातायात अन्य भत्ता | प्रोत्साहन भत्ता | महंगी भत्ता | जम्मा मासिक | जम्मा वार्षिक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | साधारण सभा | सदस्य | १२५३४ | | ११७७ | | | | | | | | | १४७४६२५१ |
| २ | सञ्चालक समिति | वैठक भत्ता | ९*१५ | | ११७७ | | | | | | | | | १५८८२८ |
| ३ | संयुक्त वैठक | वैठक भत्ता | १७*२ | | ११७७ | | | | | | | | | ४०००१ |
| ४ | विस्तारित | वैठक भत्ता | २४*२ | | ११७७ | | | | | | | | | ५६४७२ |
| ५ | लेखा समिति | वैठक भत्ता | १२*३ | | ११७७ | | | | | | | | | ४२३५४ |
| ६ | ऋण उपसमिति | वैठक भत्ता | ९०*३ | | ११७७ | | | | | | | | | ३१७६५५ |
| ७ | सेवाकेन्द्र उपसमिति | वैठक भत्ता | ६*३*२ | | ५८८ | | | | | | | | | २११७७ |
| ८ | अन्य उपसमिति | वैठक भत्ताा | १५०*३ | | ५८८ | | | | | | | | | २६४७१३ |
| | जम्मा | | | ० | ८२३६ | ० | | | | | | | ० | १५६२६२७३ |

## संस्थाका कर्मचारीहरूको पारिश्रमिक विवरणः

| क.सं. | पद | तह | संख्या | तलव स्केल | जम्मा मासिक | ग्रेड | जम्मा तलव ग्रेड | सामाजिक सुरक्षा कोष | प्राविधिक/ जनसम्पर्क, यातायात तथा अन्य भत्ता | प्रोत्साहन भत्ता | महंगी भत्ता | जम्मा मासिक | जम्मा वार्षिक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख कार्यकारी अधिकृत | दशौ तह | १ | ६२४६६ | ६२४६६ | ० | ६२४६६ | ० | ६२४६६ | | ५००० | १२९९३१ | १५५९१७७ |
| २ | अधिकृत सातौ | अ. सातौ | १ | ५०४३६ | ५०४३६ | १००८७ | ६०५२३ | १२१०५ | ६५०० | ५०४३।६१ | ५००० | ८९१७२ | १०७००५९ |
| ३ | अधिकृत छैठौ | अ. छैठौ | २ | ४८०५८ | ९६११६ | ११२१४ | १०७३२९ | २१४६६ | | ९६१२ | १०००० | १४८४०७ | १७८०८८१ |
| ४ | वरिष्ठ पाँचौ | व.स. पाँचौ | १ | ४१५१७ | ४१५१७ | ६९२० | ४८४३७ | ९६८७ | | ४१५१।७३ | ५००० | ६७२७६ | ८०७३११ |
| ५ | सहायक पाँचौ | सहायक पाँचौ | ३ | ३८२०३ | ११४६०९ | २२९२२ | १३७५३१ | २७५०६ | | ११४६१ | १५००० | १९१४९८ | २२९७९७४ |
| ६ | सहायक चौथो | सहायक चौथो | ३ | ३६१९२ | १०८५७७ | १८०९६ | १२६६७३ | २५३३५ | ६००० | १०८५७।६६ | १५००० | १८३८६५ | २२०६३७९ |
| ७ | सहायक तेस्रो | सहायक तेस्रो | ६ | ३०३७३ | १८२२३९ | २३२८६ | २०५५२५ | ४११०५ | | १८२२४ | २५००० | २८९८५४ | ३४७८२५२ |
| ८ | सहायक दोस्रो | सहायक दोस्रो | ६ | २८६९० | १७२१४१ | ६६९४ | १७८८३६ | ३५७६७ | | १७२१४।१२ | २०००० | २५१८१७ | ३०२१८०२ |
| ९ | फिल्ड उत्प्रेरक | दोस्रो | १ | २८६९० | २८६९० | ७६५१ | ३६३४१ | ७२६८ | | २८६९ | ५००० | ५१४७८ | ६१७७३७ |
| १० | हल्का सवारी चालक | प्रथम श्रेणी | १ | ३०३७३ | ३०३७३ | ७०८७ | ३७४६० | ७४९२ | | ३०३७।३२ | ५००० | ५२९९० | ६३५८७६ |
| ११ | कार्यलय सहयोगी | सहयोगी | २ | २७१७२ | ५४३४४ | १६३०३ | ७०६४८ | १४१३० | | ५४३४ | १०००० | १००२१२ | १२०२५४० |
| १२ | सहयोगी | मासिक ज्यालादारी | १ | २१५०५ | २१५०५ | ० | २१५०५ | | | ० | ५००० | २६५०५ | ३१८०६० |
| | जम्मा | | २८ | ४४३६७६ | ९६३०१४ | १३०२६० | १०९३२७४ | २०१८६१ | ७४९६६ | ८७९०४ | १२५००० | १५८३००४ | १८९९६०४९ |

# अनुमानित वार्षिक खर्च विवरण

| विवरण | आ.व. ०८२/०८३ को | | आ.व. ०८३/८४ को | | आ.व. ०८४/८५ को |
|---|---|---|---|---|---|
| | अनुमानित | वास्तविक | अनुमानित | यथार्थ (०८३ भाद्र ३१ सम्मको) | अनुमानित |
| साधारण सभा सदस्य बैठक खर्च | १३,५९४,४३९।८५ | १०,६८२,६२०।०० | १५,०००,३७५।०० | | १४,७४६,२५१।०० |
| संचालिक, लेखा तथा उपसमिति बैठक भत्ता | १,२७९,७८५।०० | ७०४,५१६।७८ | १,३४६,१३७५० | ७१,७६४।६९ | ८८०,०२२।०० |
| संचालक तथा शेयर सदस्यको लागि सुविधा | १४,८७४,२२४।८५ | ११,३८७,१३६।७८ | १६,३४६,५१२।५० | ७१,७६४।६९ | १५,६२६,२७३।०० |
| प्रमूख कार्यकारी अधिकृत तलव भत्ता तथा सुविधा | १,४९९,१८८।८० | १,४५२,८८८।०० | १,६१९,१८८।८० | २५९,८६४।०० | १,५५९,१७६।८० |
| कर्मचारी तलव तथा भत्ता खर्च | १४,८७८,८५५।६४ | १२,६२०,६००।७२ | १६,१०६,५१९।५८ | २,१६९,९४८।६० | १५,०१४,४४५।२० |
| कर्मचारी दशै भत्ता | १,१३१,९२६।३३ | ९३६,०१६।०० | १,०९०,२३५।५९ | | १,०९३,२७३।५० |
| सुरक्षा गार्ड | ६८३,०८५।०० | ७११,५६१।०० | ७४४,७८३।०० | ११४,५८२।०० | ७४४,७८३।०० |
| सामाजिक सुरक्षा कोष खर्च | २,७१६,६२३।१८ | २,०३२,६२१।३८ | २,६१६,५६५।४२ | ३४४,२६४।४० | २,४२२,३२६।७२ |
| विदा वापतको रकम | १,५८४,६९६।८६ | ५०७,८७८।८० | १,०९०,२३५।५९ | | १,५३०,५८२।९० |
| खाजा खर्च | ८४०,०००।०० | ७८७,७००।०० | ८८०,०००।०० | ९१,४००।०० | ७५०,०००।०० |
| टेलर भत्ता | ८४,०००।०० | ३९,२५०।०० | १२०,०००।०० | ३,९००।०० | ५०,०००।०० |
| चावि भत्ता | ८७,६००।०० | २१,९००।०० | २१९६० | ३,७२०।०० | २१,९६०।०० |
| कर्मचारी पोसाक | ३४५,०००।०० | ३४५,०००।०० | ३१०,५००।०० | | २५०,०००।०० |
| कर्मचारी तालिम खर्च | ३८०,०००।०० | | ३८०,०००।०० | ९,०४०।०० | ४००,७८१।७२ |
| जम्मा कर्मचारी खर्च | २४,२३०,९७५।८१ | १९,४५५,४१५।९० | २४,९७९,९८७।९८ | २,९९६,७१९।०० | २३,८३७,४२९।८४ |
| शेयर सदस्यको तालिम | ८२५,०००।०० | | ६१५,०००।०० | | ३००,०००।०० |
| संचालक तथा लेखा सुपरिवेक्षण समिति तालिम | | | २००,०००।०० | | २००,०००।०० |
| अध्ययन तथा अवलोकन | | | | | ५००,०००।०० |
| शिक्षा तथा तालिम खर्च: | ८२५,०००।०० | - | ८१५,०००।०० | - | १,०००,०००।०० |
| अन्य खर्च | | | | | |
| दैनिक भ्रमण भत्ता | १५६,०७५।८७ | १२४,९८४।२० | १६३,८७९।६७ | १८,१००।०० | २००,०००।०० |
| वार्षिक खातावन्दी खर्च | ७६,५७६।५० | ४१,८२०।०० | ८०,४०५।३३ | | ८०,०००।०० |
| मसलन्द तथा छपाई | ५००,०००।०० | ३०४,९२३।५७ | २५०,०००।०० | २१,४५८।४३ | ४००,०००।०० |
| कर्पोरेट ईन्टरनेट सेवा (वर्ल्डलिंक) | ४०२,९७७।०० | ३००,१३८।०० | ४०२,९७७।०० | १३,०००।०० | ४००,०००।०० |
| सफ्टवेयर रिटेन्सन | २२५,०००।०० | ६५७,६०३।५० | २५०,०००।०० | २७१,२००।०० | ७५०,०००।०० |
| क्लाउड चार्ज | ३००,०००।०० | | ३०३,८९३।८० | | |
| फोन पे सर्विस चार्ज | ५०,०००।०० | ३३,९००।०० | ५०,०००।०० | ३३,९००।०० | ५०,०००।०० |
| मोवाईल वैंकिङ्ग चार्ज | ३३०,०००।०० | २२६,०००।०० | ३३०,०००।०० | २२६,०००।०० | ३००,०००।०० |
| मोवाईल वैकिङ्ग कमीसन चार्ज | ३०,०००।०० | ३,६०५।५७ | ३०,०००।०० | ४७९।८४ | ३०,०००।०० |
| एस.एम.एस खर्च | १६६,७२६।०० | ३४३,५९८।६८ | १७८,७३०।१२ | १००,०००।०० | ३५०,०००।०० |
| ए.टी.एम खर्च (सफ्टवेयर मर्मत तथा अन्य) | २५०,०००।०० | २३८,५०५।०० | २५०,०००।०० | ६८।०० | २५०,०००।०० |
| जेनेरेटर, सवारी साधन, तथा अन्य मर्मत | ६००,०००।०० | २३५,७८३।५७ | ४७४,९७८।६५ | ४३,७९२।६९ | ४७५,०००।०० |
| रिवेट व्याज छुट | ३३०,०००।०० | १२०,४१३।२१ | ३००,०००।०० | ६७,३३०।८५ | ३००,०००।०० |
| धितो निरिक्षण तथा अनुगमन खर्च | २५०,०००।०० | १०३,१९८।१५ | २५०,०००।०० | | २५०,०००।०० |
| लेखापरिक्षण खर्च | ३००,०००।०० | ३१६,४००।०० | ३९६,९००।०० | | ३९६,९००।०० |
| ह्रास कट्टि | ३,०००,०००।०० | १,८१०,४५५।४१ | २,२३९,०७४।७४ | | २,०००,०००।०० |
| कर्जा सुरक्षण | ७,५००,०००।०० | ४,६६३,२९१।६९ | | १८,४९०,४०७।१५ | ५,०००,०००।०० |
| गोष्ठी तथा सेमिनार,विस्तारित मञ्च | २००,०००।०० | | ३५,२८०।०० | | २००,०००।०० |
| जेष्ठ सदस्य देश दर्शन कार्यक्रम | ३५०,०००।०० | २००,७९०।०० | १६७,२७८।०१ | | ३५०,०००।०० |
| कुल अन्य खर्च | १५,०१७,३५५।३७ | ९,७२५,४१०।५५ | ६,१५३,३९७।३२ | १९,२८५,७३६।९६ | ११,७८१,९००।०० |
| व्याज खर्च | १५३,०००,०००।०० | ११९,९०२,४८५।८८ | १४८,५९४,५६९।७५ | १६,४२०,९४१।७० | १२०,०००,०००।०० |
| साधारण सभा | १,५००,०००।०० | ८७४,२१०।१८ | १,५००,०००।०० | | १,२००,०००।०० |
| अतिथी सत्कार | २८०,१००।०० | ८८,९५५।०० | १२०,८७२।५९ | १४,४४५।०० | १२०,०००।०० |
| टेलिफोन | ३१३,२००।०० | १००,६९८।०० | १०९,०००।०० | ५८०० | ४८,०००।०० |
| पदाधिकारी संचार सुविधा | | | ६०,०००।०० | १०,०००।०० | ७२,०००।०० |
| पदाधिकारी इन्धन सुविधा | | | ३६०००० | ६०००० | ३६०००० |
| ईन्धन मोटरसाईकल र जेनेरेटर | १,१०२,०००।०० | ५४५,१०५।४९ | ३२४,२३६।६२ | ३३,६१०।०० | ३५०,०००।०० |
| खानेपानी | ३५,०००।०० | १५,६९०।०० | २०,०००।०० | १,८६५।०० | ३५,०००।०० |
| विद्युत महसुल | ४५३,६२८।०० | ४३२,९६०।६० | ४६१,५०८।७१ | ११०,४७३।०० | ५००,०००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| विमा खर्च | १,७५०,०००।०० | ७४३,०८६।९८ | १,७५४,४०५।९७ | २२८।०० | ९००,०००।०० |
| पत्रपत्रिका | १५,०००।०० | ६,१००।०० | १५,०००।०० | | १५,०००।०० |
| विज्ञापन सूचना तथा सञ्चार | १४०,७७३।०० | ५४,१७०।०० | ९०,०००।०० | ५,५००।०० | ९०,०००।०० |
| भैपरी | १२०,०००।०० | ५६,५६१।९१ | १००,०००।०० | ३२,६५०।५४ | १००,०००।०० |
| सदस्यता नविकरण शुल्क | ७५,०००।०० | ४४,४८०।०० | २५,८६४।६५ | ५,०००।०० | ७५,०००।०० |
| स्कान कार्यक्रम | १५०,०००।०० | ११०,०००।०० | ११५,७६२।५० | | १५०,०००।०० |
| स्मारीका/वुलेटिन प्रकाशन | १५०,०००।०० | | २५,०००।०० | | १५०,०००।०० |
| प्राथमिक स्वास्थ्य सामग्री व्यवस्थापन | ५०,०००।०० | | १५,०००।०० | | ५०,०००।०० |
| प्रमानमन्त्री देवि प्रकोप राहतकोष | | | | १५२,२२२।०० | |
| घर/जग्गा भाडा | ६००,०००।०० | ६४७,०३३।२४ | ६४४,५९४।९५ | ६०,९५५।५४ | ४४८,५०६।५६ |
| क्यालेन्डर | ३००,०००।०० | १२४,२५०।०० | ३६०,०००।०० | | २५०,०००।०० |
| पुरस्कार तथा सम्मान | १५०,०००।०० | | १२६,६०४।४९ | | १३०,०००।०० |
| ओ.वि.सि. चार्ज | २५०,०००।०० | १२,५९५।०० | १३,६८०।९३ | १,५८१।०० | ५०,०००।०० |
| केवल खर्च | १२०,०००।०० | | १२,०००।०० | | - |
| संस्थाको वेबसाइट नविकरण | ३०,०००।०० | ३,९५५।०० | ४,३६०।३९ | | १०,०००।०० |
| नयाँ कर्मचारी भर्ना खर्च | ५०,०००।०० | | ३८,३६७।०० | | ४०,०००।०० |
| नगरपालिका व्यवसाय कर | ३५,०००।०० | २६,१४१।९७ | २६,३४७।८९ | ८,९१०।०० | ४०,०००।०० |
| सवारी साधन कर खर्च | ६०,०००।०० | ४४,०००।०० | ४९,०६१।२५ | | ६०,०००।०० |
| कार्यालय सञ्चालन खर्च | ५०,०००।०० | | ६१,९५३।०५ | | ६०,०००।०० |
| सहकारी मर्जर सम्वन्धि खर्च | १००,०००।०० | | १००,०००।०० | | १००,०००।०० |
| स्थिर सम्पत्ती विक्रीमा नोक्सानी खर्च | | | | २०,०१५।३१ | ३००,०००।०० |
| सकार सम्पत्ती विक्री खर्च | | | | १४,९५८।८३ | |
| विविध खर्च जम्मा | ७,८७९,७०१।०० | ३,९२९,९३३।३७ | ६,५३३,६२०।९९ | ५३८,२१४।२२ | ५,७०३,५०६।५६ |
| सहकारी दिवस | २५,०००।०० | | २५,०००।०० | | २५,०००।०० |
| सहकारी स्थापना दिवश | २५०,०००।०० | २४५,३१३।६० | ३००,०००।०० | | ३००,०००।०० |
| सदस्य सन्तुष्टि परिक्षण | ७१,०४५।०० | | ७५,०००।०० | | ७५,०००।०० |
| वितिय साक्षरता कक्षा संचालन | ११२,५००।०० | | ११२,५००।०० | | ११२,५००।०० |
| विधालयमा वितिय साक्षरता कक्षा संचालन | ५०,०००।०० | | ५०,०००।०० | | ५०,०००।०० |
| क्यू आर कोर्ड वितरण | १२,५००।०० | | १२,५००।०० | | १२,५००।०० |
| मोवाइल बैंकिङ्ग प्रयोगकर्ता संख्या वृद्धि | ८२,५००।०० | | ८२,५००।०० | | ८२,५००।०० |
| बडापत्र | २५,०००।०० | | २५,०००।०० | | २५,०००।०० |
| सदस्य मृत्यु समवेदना भेटघाट | ३०,०००।०० | | ३०,०००।०० | | ३०,०००।०० |
| रक्तदान कार्यक्रम | ३०,०००।०० | | ३०,०००।०० | | ३०,०००।०० |
| वृक्षारोपन कार्यक्रम | १५,०००।०० | | १५,०००।०० | | १५,०००।०० |
| मेम्वर अफ द मन्थ कार्यक्रम | ६,०००।०० | | ६,०००।०० | | ६,०००।०० |
| सदस्यहरुको सिप रोष्टर | २५,०००।०० | | २५,०००।०० | | २५,०००।०० |
| संस्थाको वजारीकरण गर्न | ९५,०००।०० | | १२५,०००।०० | | १२५,०००।०० |
| संस्थाको परिचयात्मक कार्यक्रम | १५०,०००।०० | | २९५,०००।०० | | २९५,०००।०० |
| विविध कार्यक्रम खर्च | ९७९,५४५।०० | २४५,३१३।६० | १,२०८,५००।०० | - | १,२०८,५००।०० |
| जम्मा खर्च | २१६,८०६,८०२।०३ | १६४,६४५,६९६।०८ | २०४,६३१,५८८।५४ | ३९,३१३,३७६।५७ | १७९,१५७,६०९।४० |
| व्याज मुल्तवी | | | | | |
| जम्मा | २१६,८०६,८०२।०३ | | २०४,६३१,५८८।५४ | | १७९,१५७,६०९।४० |
| मुनाफा | ८०,२२५,३८३।०६ | | ९७,३०१,०८३।९९ | | ८८,३८७,३९०।६० |
| कुल जम्मा | २९७,०३२,१८५।०९ | | ३०१,९३२,६७२।५३ | | २६७,५४५,०००।०० |

## अनुमानित ऋण लगानी कार्यक्रम

| क.सं. | उद्देश्य | आ.व. ०८२/०८३ को | | आ.व. ०८३/८४ को | | आ.व. ०८४/८५ को |
|---|---|---|---|---|---|---|
| | | अनुमानित | वास्तविक | अनुमानित | यथार्थ (०८३ भाद्र ३१ सम्मको) | अनुमानित |
| १ | औषधिउपचार | १,०००,०००।०० | २९६,०००।०० | १,०००,०००।०० | | ५००,०००।०० |
| २ | मोटरसाइकल कर्जा | २,०००,०००।०० | | २,०००,०००।०० | | २,०००,०००।०० |
| ३ | सामाजिक कर्जा | ३००,०००,०००।०० | १२०,०९१,०१८।१२ | ३००,०००,०००।०० | १९,४९९,०००।०० | ३००,०००,०००।०० |
| ४ | व्यवसायिक कर्जा | ३५०,०००,०००।०० | ७६२,५८९,९९३।०० | ५००,०००,०००।०० | ८४,६१५,४००।०० | ५००,०००,०००।०० |
| ५ | साना तथा लघुउद्यम कर्जा | ४,५००,०००।०० | - | ४,५००,०००।०० | | ४,५००,०००।०० |
| ६ | जग्गा तथा आवास खरीद कर्जा | ५०,०००,०००।०० | | ५०,०००,०००।०० | | ५०,०००,०००।०० |
| ७ | आवास निर्माण कर्जा | १००,०००,०००।०० | १३,२७०,०००।०० | १००,०००,०००।०० | ६७५,०००।०० | १००,०००,०००।०० |
| ८ | निक्षेप कर्जा | २००,०००,०००।०० | ३०८,७५५,२४९।१६ | ३००,०००,०००।०० | ३७,२८१,०७५।०० | ३००,०००,०००।०० |
| ९ | आवधिक धितो कर्जा | १५०,०००,०००।०० | ४२,९००,०००।०० | १५०,०००,०००।०० | ३,१४९,०००।०० | १५०,०००,०००।०० |
| १० | शैक्षिक कर्जा | ८०,०००,०००।०० | | ५०,०००,०००।०० | | ५०,०००,०००।०० |
| ११ | सवारी साधन कर्जा | ७०,०००,०००।०० | २,८८०,०००।०० | ७०,०००,०००।०० | १,९००,०००।०० | ७०,०००,०००।०० |
| १२ | सामूहिक सरल कर्जा | ४००,०००,०००।०० | ४०१,३२३,१२२।६९ | ३००,०००,०००।०० | ३४,४७०,०००।०० | ३००,०००,०००।०० |
| १४ | महिला उद्यमशिलता सहुलीयत कर्जा | १०,०००,०००।०० | | १०,०००,०००।०० | | १०,०००,०००।०० |
| १५ | युवा स्वरोजगार सहुलियत कर्जा | १०,०००,०००।०० | | १०,०००,०००।०० | | १०,०००,०००।०० |
| १६ | कर्मचारी सापटी सहुलियत कर्जा | ५,०००,०००।०० | | ५०,०००,०००।०० | | ५०,०००,०००।०० |
| १७ | सरल व्यवसायिक कारोबार कर्जा | | १०५,७८०,०००।०० | - | २९,०००,०००।०० | १००,०००,०००।०० |
| १८ | सरल व्यवसायिक कर्जा | २००,०००,०००।०० | ६२,५१४,७९०।७० | | ९,५०१।६९ | |
| १९ | व्यवसायिक कर्जा (FIR) | | | | | १००,०००,०००।०० |
| २० | कृषि कर्जा | ५०,०००,०००।०० | १९,२३०,०००।०० | ५०,०००,०००।०० | | ५०,०००,०००।०० |
| | जम्मा | १,९८२,५००,०००।०० | १,८३९,६३०,१७३।६७ | १,९४७,५००,०००।०० | २१०,५९८,९७६।६९ | २,१४७,०००,०००।०० |

## ऋण असुली कार्यक्रम

| क.सं. | उद्देश्य | आ.व. ०८२/०८३ को | | आ.व. ०८३/८४ को | | आ.व. ०८४/८५ को |
|---|---|---|---|---|---|---|
| | | अनुमानित | वास्तविक | अनुमानित | यथार्थ (०८३ भाद्र ३१ सम्मको) | अनुमानित |
| १ | औषधिउपचार कर्जा | ११२,०००।०० | ३००,००० | ११२,०००।०० | | २९६,०००।०० |
| २ | मोटरसाइकल कर्जा | २,८०१,३३३।६७ | १,१३९,१८५।४१ | २,०००,०००।०० | | २,०००,०००।०० |
| ३ | आवधिक धितो कर्जा | २८,०००,०००।०० | ४४,६०७,७११।२४ | २०,०००,०००।०० | ५,३३३,६१७।४० | २०,०००,०००।०० |
| ४ | सामाजिक कर्जा | १७१,८००,७४५।८२ | १४७,९४४,६१८।५ | १७५,०००,०००।०० | २८,२६४,१५३।८४ | १७५,०००,०००।०० |
| ५ | व्यवसायिक कर्जा | २०७,२६१,६७०।२९ | ६८७,७३३,४३४।४९ | २००,०००,०००।०० | ७६,५००,०१२।१६ | २००,०००,०००।०० |
| ६ | साना तथा लघुउद्यम कर्जा | १,६३०,२७२।०० | २,२८८,५२८ | २,०००,०००।०० | १५०,०००।०० | २,०००,०००।०० |
| ७ | जग्गा तथा आवास खरिद कर्जा | ८,४२८,०००।०० | १,०३२ | १०,०००,०००।०० | | १०,०००,०००।०० |
| ८ | आवास निर्माण कर्जा | १,८१६,१९२।०० | ७,९५६,०७८।५ | ५,०००,०००।०० | ४२३,९५७।०० | ५,०००,०००।०० |
| ९ | निक्षेप कर्जा | २१५,६६५,१६०।०७ | ३२४,८८६,८०४।०२ | २१०,०००,०००।०० | ३९,७४९,१५२।९९ | २१०,०००,०००।०० |
| १० | शैक्षिक कर्जा | ७६६,३५९।१७ | ९०३,२७२ | ५,०००,०००।०० | | ५,०००,०००।०० |
| ११ | सामुहिक सरल कर्जा | २८४,८३२,४१७।०७ | ४९२,२१६,६४८।१९ | २८०,०००,०००।०० | ६९,६५८,८८०।५३ | २८०,०००,०००।०० |
| १२ | सवारी साधन कर्जा | १,८४२,४९०।४४ | | २,०००,०००।०० | १,०३८,३४४।४१ | २,०००,०००।०० |
| १३ | कर्मचारी कर्जा | २९७,११८।०८ | ६०६,३६० | १,०००,०००।०० | ५५,४७३।०० | १,०००,०००।०० |
| १४ | सरल व्यवसायिक कर्जा | २९०,०००,०००।०० | २४६,५४६,८१४।२८ | १६०,०००,०००।०० | ७,२१८,७७१।०३ | २,५७०,०३४।०० |
| १५ | कृषि कर्जा | २,५६५,६४८।०० | ७,८९८,२८१ | ३,०००,०००।०० | २,०९७,४५९।०० | ३,०००,०००।०० |
| १६ | महिला उद्यमशिलता सहुलीयत कर्जा | २००,०००।०० | | २००,०००।०० | | २००,०००।०० |
| १७ | युवा स्वरोजगार सहुलियत कर्जा | २००,०००।०० | | २००,०००।०० | | २००,०००।०० |
| १८ | सरल व्यवसायिक कारोबार कर्जा | | | | १२,००६,१५६।०० | |
| १९ | व्यवसायिक कर्जा (FIR) | | | | | |
| | जम्मा | १,२१८,२१९,४०६।६१ | १,९६५,०२८,७६७।६३ | १,०७५,५१२,०००।०० | २४२,४९५,९७७।३६ | ९१८,२६६,०३४।०० |

अन्त्यमा प्रस्तावित नीति तथा कार्यक्रम र बजेट तयार गर्नका लागि सहयोग गर्नुहुने बजेट तथा योजना निर्माण उपसमितिका सदस्यहरू, सञ्चालक समितिका अध्यक्ष, सचिव र सदस्यज्युहरू, प्रमुख कार्यकारी अधिकृत, वरिष्ठ व्यवस्थापक लगायत सम्पूर्ण कर्मचारीहरूलाइ धन्यवाद दिन चाहन्छु । यसैगरी तपाइं सम्पूर्ण शेयर सदस्यहरूमाझ स्वस्थ छलफल गरी यो प्रस्तावित नीति तथा कार्यक्रम र वजेट पारित गरिदिनुहुन समेत विनम्र अनुरोध गर्दै विदा हुन चाहन्छु ।

जय सहकारी ।

**विष्णुहरि पन्थी**
**कोषाध्यक्ष तथा**
**बजेट उपसमिति संयोजक**

## सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि. को ३२ औं वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन :

यस संस्थाको गरिमामय ३२ औं वार्षिक साधारण सभाका श्रद्धेय अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरू, आदरणीय शेयर सदस्य महानुभावहरू तथा प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरूमा यस साधारण सभाको पावन अवसरमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्न चाहन्छौं ।

### आदरणीय शेयर सदस्य महानुभावहरू,

हामीलाई गत ३१ औं वार्षिक साधारण सभाबाट प्रदान गरिएको जिम्मेवारी अनुसार, यस समितिले आफ्नो बुद्धि र विवेकले भ्याएसम्म आर्थिक वर्ष २०८२/८३ मा भएका सम्पूर्ण आर्थिक कारोबारहरूको नियमित निरीक्षण गर्दै आएको छ । यस क्रममा आम्दानी तथा खर्चका बिल-भर्पाई, भौचरहरू, कर्जा लगानीका फाइलहरू, आय-व्यय विवरण, वासलात र नगद ढुकुटीको भौतिक परीक्षणलगायत अन्य कागजातहरूको नियमित रूपमा नमूना परीक्षण (Sample Testing) गर्ने कार्य गरेका छौं । संस्था निरीक्षणका क्रममा देखिएका कैफियतहरू तथा संस्थाका आन्तरिक लेखापरीक्षक एफ.सी.ए. प्रमोद पन्थीज्यू र उहाँको टिमबाट गत आर्थिक वर्षको कारोबारको निरीक्षण गरी दिइएका टिप्पणी, कैफियत एवं सुझावहरूसमेत अध्ययन गरी, संस्थामा सुधार गर्नुपर्ने विषयहरूमा त्रैमासिक प्रतिवेदनमार्फत सञ्चालक समिति तथा व्यवस्थापन पक्षलाई समय-समयमा सुझाव दिने गरिएको व्यहोरा यहाँहरूमाझ जानकारी गराउन चाहन्छौं । हामीले दिएका सुझावहरूलाई सञ्चालक समिति तथा व्यवस्थापन पक्षबाट सकारात्मक रूपमा लिई कार्यान्वयन गर्ने गरेको पाइएको छ ।

साथै, समितिले आवश्यकता महसुस गरेका बखत ऋणी सदस्यहरूसँग स्थलगत भेटघाट, विभिन्न सेवा केन्द्रहरूको निरीक्षण तथा अनुगमनका साथै संस्थाबाट लगानी भएका सदस्यहरूको व्यवसाय तथा परियोजनाहरूको स्थलगत निरीक्षणसमेत गर्ने गरेका छौं । यस्तो निरीक्षणका क्रममा संस्थाका स्वीकृत नीति, विधि, कार्यविधि, तोकिएका मापदण्डहरू तथा प्रचलित सहकारी ऐन, नियमावली र नियामक निकायबाट जारी निर्देशनहरूको परिपालना भए/नभएको विषयलाई विशेष रूपमा अध्ययन गर्ने गरिएको छ ।

### आदरणीय शेयर सदस्य महानुभावहरू,

हामीले प्रचलित ऐन-कानूनको अधीनमा रही तोकिएबमोजिमको ढाँचामा लेखा सुपरीवेक्षण प्रतिवेदन तयार गरी अनुमोदनका लागि गरिमामय यो ३२ औं वार्षिक साधारण सभामा पेश गरेका छौं ।

### १. अघिल्लो साधारण सभाको निर्णय र कार्यान्वयनको अवस्था:

क) संस्थाले २८ औं वार्षिक साधारण सभाको निर्णयअनुसार आ.व. २०८०/८१ बाट लागू हुने गरी तयार गरिएको ४ वर्षे व्यावसायिक रणनीतिक योजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाएको छ । रणनीतिक योजनाको यो आ.व. अन्तिम वर्ष भएकाले यसको गहन समीक्षा गरी नयाँ व्यावसायिक रणनीति निर्माण गर्दा यथार्थसँग नजिक हुने गरी समय सान्दर्भिक रूपमा तयार गर्नुहुन सुझाव छ ।

ख) साधारण सभाको निर्णयअनुसार संस्थाले ३ वटा सेवा केन्द्रबाट सेवा प्रवाह गर्दै आएकोमा, सञ्चालक समितिको निर्णयअनुसार बुटवल सेवा केन्द्र प्रभावकारी रूपमा सञ्चालन हुन नसकेकाले मिति २०८३ साल भाद्र १ गतेदेखि लागू हुने गरी बन्द गरिएको पाइएको छ ।

ग) संस्थाको गत साधारण सभाबाट लुम्बिनी विशिष्टीकृत सहकारी संघ लि. ले सञ्चालन गरेको दुग्ध परियोजनाका लागि निरीक्षण र अनुगमन गरी प्रतिवेदन तथा आवश्यकता र औचित्यताको आधारमा रु. ५० लाख सेयर रकम थप गर्ने भनिएकोमा, संस्थाको हाल रु. १ करोड ४९ हजार ७ सय (१००४९७ कित्ता) शेयर रकम उक्त संघ लि. मा कायम रहेको छ। यो रकम उल्लेखित संघमा रहेको शेयर लगानीमध्ये अधिकतम सीमामा रहेको हुँदा थप रकम लगानी गर्न उपयुक्त देखिँदैन। सञ्चालक समितिले पनि साधारण सभाको निर्णय भए तापनि थप शेयर लगानी गरेको छैन। लुम्बिनी विशिष्टिकृत सहकारी संस्था लि.मा नेतृत्वमा संस्थागत प्रतिनिधित्व समेत भएको हुँदा उल्लेखित संस्थाको रणनीतिक योजनाबारे प्रभावकारी रूपमा छलफल गरी अगाडि बढ्नुहुन सुझाव छ।

घ) संस्थाको विनियम तथा साधारण सभाबाट स्वीकृत निर्वाचन कार्यविधि अनुसार संस्थाले गत साधारण सभाबाट सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको तोकिए बमोजिम निर्वाचन सम्पन्न गरेको छ।

## २. आ.व. २०८२/८३ मा सञ्चालक समिति बैठक, निर्णयहरू तथा कार्यान्वयनको अवस्था:

क) सञ्चालक समितिको बैठक संख्या: १९

ख) संयुक्त बैठक संख्या: ४ (२ वटा विस्तारित बैठकसमेत)

ग) लेखा सुपरिवेक्षण समितिको बैठक संख्या: १२

घ) प्रति सेवा केन्द्र उपसमितिको बैठक संख्या: वार्षिक ४

ङ) आवश्यकता अनुसार अन्य उपसमितिका बैठकसमेत बस्ने गरेको पाइएको छ।
समिति एवं उपसमितिका बैठकहरू नियमति रूपमा तोकिएबमोजिम बस्ने गरेको र निर्णयहरू सर्वसम्मत रूपमा हुने गरेको हामीले पाएका छौं।

## ३. ऋण लगानीको प्रक्रिया, सुरक्षणसम्बन्धी व्यवस्था:

क) संस्थाले विनाधितो कर्जा प्रवाह गरेको छैन। बचत धितो कर्जामा नियमित बचतको ९० प्रतिशतसम्म कर्जा प्रवाह गर्ने गरिएको छ।

ख) अचल सम्पत्ति धितो राखी ऋण लगानी गर्दा ऋण नीतिको आधारमा रु. १० लाखसम्मको कर्जाका लागि संस्थाबाट र सोभन्दा माथिको कर्जाका लागि संस्थागत मान्यता प्राप्त मूल्याङ्कनकर्ताबाट मूल्याङ्कन गराएर मात्र ऋण लगानी गरिएको छ।

ग) संस्थाले धितोको शुद्ध मूल्याङ्कन रकम (Distress Value) को अधिकतम ६० प्रतिशतसम्म कर्जा प्रवाह गर्ने गरेको छ।

घ) ऋण स्वीकृतिसम्बन्धी नीतिमा व्यवस्था भएअनुसार रु. ३० लाखसम्मको ऋण लगानी आन्तरिक ऋण व्यवस्थापन कार्यदल, सबै बचत निक्षेपको ९०% सम्मको ऋण लगानि आन्तरिक ऋण व्यवस्थापन उप कार्यदल, रु. ३० लाखदेखि १ करोडसम्मको ऋण उपसमिति र सोभन्दा माथि सञ्चालक समितिबाट स्वीकृत हुने गरेको पाइएको छ।

ङ) ऋण स्वीकृति गर्दा पारिवारिक सीमालाई आधार मान्ने गरिएको छ। संस्थाको नीतिगत रूपमा एकाघर परिवारभित्रको कुल ऋण सीमा रु. २ करोड ५० लाख कायम गरिएको पाइयो। वाह्य लेखापरीक्षकको बुँदा नं. ४१ (२) मा दिएको सुझाव अनुसार एकै व्यक्ति वा परिवारमा कर्जा सिमा धेरै निर्धारण गर्नु जोखिमपूर्ण देखिन्छ।

## ४. सहकारी ऐन, नेपाल राष्ट्र बैंक, सहकारी विभाग तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी मापदण्ड र निर्देशनहरूको पालना:

संस्थाले नियामक निकायहरूबाट जारी मापदण्ड तथा निर्देशनहरू सञ्चालक समिति बैठकमा जानकारी गराउने गरेको पाइएको छ । बैठकबाट प्राप्त निर्देशनहरूको पालनाका लागि कार्ययोजनासहित प्रक्रिया अगाडि बढाइए तापनि केही निर्देशनहरू अझै पालना हुन बाँकी रहेकाले ति निर्देशनहरू यथाशीघ्र कार्यान्वयनमा लैजान सुझाव छ ।

क) राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मिति २०८२ साल भाद्र १९ गतेको निर्देशनअनुसार साधारण सभामा सामान्य खाजाबाहेक यातायात खर्च वितरण नगर्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्ने ।

ख) साधारण सभा बैठक सञ्चालन गर्दा प्रमुख अतिथि तथा अतिथिहरू आमन्त्रण गर्ने परिपाटी हटाई सिधै प्रस्तावउपर छलफल गर्नेगरी प्रक्रिया अगाडि बढाउनु पर्ने ।

ग) नेफस्कुन, प्रोस्कुन, जिल्ला सहकारी संघ र रुस्कुनलगायतका संघहरूमा रहेका बचत तथा शेयर फिर्ता लिने गरी आवश्यक प्रक्रिया अगाडि बढाउने ।

## ५. सहकारी संघ संस्थाले अनुगमन प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरूको कार्यान्वयन:

संस्थाले नियामक निकाय तथा सम्बन्धित संघहरूबाट अनुगमनका क्रममा दिएका सुझाव तथा निर्देशनहरूलाई पालना गर्ने गरेको छ ।

## ६. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता तथा अन्य सुविधा:

संस्थाको ३१ औं वार्षिक साधारण सभाको निर्णयअनुसार सञ्चालक समितिका पदाधिकारीहरूले मासिक रूपमा इन्धन र सञ्चार खर्च बापतको सुविधा लिने गरेका छन् ।

## ७. कर्मचारी प्रशासनसम्बन्धी व्यवस्था:

- साधारण सभाबाट स्वीकृत कर्मचारी प्रशासन नियमावली कार्यान्वयनमा ल्याइएको छ ।
- कर्मचारी भर्ना प्रक्रिया पारदर्शी र प्रतिस्पर्धी रहेको छ ।
- कार्यरत कर्मचारी र कार्यबोझबीच तादाम्यता मिलेको छ ।
- प्रत्येक कर्मचारीलाई लक्ष्यसहितको कार्यविवरण उपलब्ध गराइएको छ र कम्तीमा प्रत्येक २ वर्षमा १ पटक कार्यविवरण सहित विभाग सरुवाको व्यवस्था गरिएको छ ।
- कार्यकारी प्रमुखको योग्यता स्नातकोत्तर (अर्थशास्त्र) रहेको र निजको अनुभव तथा तालिमका आधारमा वित्तीय सक्षमता र प्रशासनिक दक्षता प्रशंसनीय देखिन्छ ।

### कर्मचारी विवरण (आ.व. २०८३ असार मसान्तसम्म):

- करार: ६ जना पुरुष: ६ जना महिला: ०
- स्थायी: १८ जना महिला: १३ जना पुरुष: ५ जना
- तेस्रो पक्ष आपूर्ति (Outsourced): २ जना सुरक्षाकर्मी

## ८. लेखा सुपरिवेक्षण समितिका गत प्रतिवेदनका सुझावहरूको कार्यान्वयन अवस्था:

सञ्चालक समितिले लेखा सुपरीवेक्षण समितिबाट संस्थाको निरीक्षण गरी त्रैमासिक प्रतिवेदन नियमित रूपमा छलफल गर्ने गरेको छ । लेखा सुपरीवेक्षण समितिले दिएका अधिकांश सुझावहरू कार्यान्वयन भएका छन् । केही सुझावहरू कार्यान्वयनको चरणमा रहेकाले निम्न विषयहरूमा विशेष ध्यान दिन अनुरोध छ:

- संस्थामा रहेका काम नलाग्ने प्रकृतिका सामग्रीहरू सम्पत्ति विवरणबाट हटाई लेखाङ्कन गर्न सुझाव दिएबमोजिम सम्पत्ति अद्यावधिक गर्ने कार्य भइरहेको देखिएको छ ।
- ऋण व्यवस्थापनका लागि सफ्टवेयर जडान गरी सोहीमार्फत ऋण तमसुक लगायतका आवश्यक कागजात तयार गर्ने कार्य हुनु सकारात्मक भएतापनि कतिपय कागजात छुट भएकाले आवश्यक कागजातहरु संलग्न सुझाव छ ।
- संस्थामा एटीएम मेसिन खरिदका लागि गत साधारण सभाले बजेट व्यवस्था गरे तापनि हाल प्रविधिको विकास र मेसिनको मर्मत सम्भार खर्च एवम् उपयोगिताको विश्लेषण गर्दा उपयुक्त नदेखिएकोले खरिद नगर्न दिइएको सुझाव कार्यान्वयन हुनु सकारात्मक छ ।
- प्रभावकारी रूपमा सञ्चालन हुन नसकेका सेवा केन्द्रहरू बन्द गर्ने सुझावअनुसार बुटवल सेवा केन्द्र बन्द गर्नु सकारात्मक रहेको छ ।

## ९. सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी व्यवस्था:

संस्थाले सहकारी विभाग तथा नियामक निकायको निर्देशनको अधीनमा रही संस्थाले निम्न कार्यहरू गरेको पाइएको छ:

**कार्यान्वयन अधिकारीको नियुक्ति:** नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाई (FIU) मा नियमित रिपोर्टिङका लागि कार्यान्वयन अधिकारी तोकिएको छ ।

**सफ्टवेयर प्रणालीको विकास:** सम्पत्ति शुद्धीकरणसम्बन्धी रिपोर्टिङका लागि छुट्टै सफ्टवेयर प्रणालीको विकास गरी सोहीमार्फत पाक्षिक रूपमा STR र TTR सम्बन्धी प्रतिवेदन GoAML मार्फत नियमित पेस गर्ने गरिएको छ ।

**KYM अद्यावधिक:** जोखिम पहिचानसहित हालसम्म जम्मा १००५३ जना सदस्यहरूको KYM अद्यावधिक गरिएको छ । बाँकी सदस्यहरूको पनि फोनमार्फत सम्पर्क गरी अभियानकै रूपमा अद्यावधिक भइरहेको पाइयो ।

**अनिवार्य स्रोतको पहिचान:** कुनै पनि सदस्यले रु. १ लाखभन्दा बढीको नगद वा चेक जम्मा गर्दा आयस्रोत अनिवार्य रूपमा खुलाउने व्यवस्था सफ्टवेयरमै मिलाइएको छ ।

**जोखिम मूल्यांकन प्रतिवेदन:** संस्थाले वार्षिक रूपमा जोखिम मूल्याङ्कन प्रतिवेदनसमेत सम्बन्धित निकायमा पठाउने गरेको छ ।

**सुझाव:** जोखिम व्यवस्थापन तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी कर्मचारीहरूलाई तालिम प्रदान गर्ने र नीति तथा कार्यविधिहरू समयसापेक्ष संशोधन गर्नुपर्ने देखिएको छ ।

## १०. लेखा सुपरीवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरू:

### ऋण सम्बन्धी विवरण

| क.सं. | आ.व. | ल.र.र.ऋण | भा.ना.कर्जा प्रतिशतमा | १ वर्ष देखि माथि | १ वर्ष देखि माथि | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ०७८/०७९ | २,५२,६१,५०,६७७.६८ | ०.९७ | १,४२,८७,३११.५६ | १,०३,३७,५००.०० | २,४६,२४,८११.५६ |
| २ | ०७९/०८० | २,५३,२०,७८,९७९.०७ | ०.९९ | १,९५,२७,०००. | ५६,५०,९५५.०८ | २,५१,७७,९५५.०८ |
| ३ | ०८०/०८१ | २,७६,९६,७०,५८२.३१ | २.८२ | ६,४०,२९,४९९.४२ | १,३९,८७,५००.०० | ७८०१६९९९.४२ |
| ४ | ०८१/०८२ | २,५५,६४,१६,९५९.२३ | २.४१ | ५,८४,३१,६४४.४१ | ३१,१९,०००.०० | ६,१५,५०,६४४.४१ |
| ५ | ०८२/०८३ | २,४३,३७,०३,४२८.४८ | ३.६९ | ५,६५,८०,९५३.३७ | ३,३२,०२,०६९.१४ | ८,९७,८३,०२२.५१ |

## पाउनुपर्ने व्याज तथा हर्जाना:

| विवरण/आ.व | २०८२/०८३ | २०८१/०८२ | २०८०/०८१ | ०७९/०८० | ०७८/०७९ |
|---|---|---|---|---|---|
| व्याज मुल्तवी | १,२७,४७,४००.३५ | १,२६,९२,६४५.५५ | २,७८,९५,६१२.६९ | १,४६,२४,३००.३६ | ६०,७५,२१९.२० |

**क) सूचना अधिकारीको नियुक्ति:** संस्थाले अधिकृत स्तरको कर्मचारीलाई सूचना अधिकारीको जिम्मेवारी प्रदान गरेको छ। सूचना प्रवाहलाई थप प्रभावकारी वनाउनुपर्ने देखिन्छ।

**ख) भाखा नाघेको कर्जा:** गत आ.व. २०८१/८२ मा २.४१ प्रतिशत रहेको भाखा नाघेको कर्जा आ.व. २०८२/८३ मा बढेर ३.६९ प्रतिशत पुगेको छ। निक्षेप कर्जालाई भाखा नाघेको गणना गर्दा समाविष्ट गरिएको छैन।

**ग) गैरबैंकिङ सम्पत्ति:** कानुनी प्रक्रिया अपनाउँदा लिलाम नभई संस्था आफैले सकार गरेका कारण गत वर्ष गैरबैंकिङ सम्पत्ति बढेकोमा चालु आवमा केही सम्पत्ति बिक्री हुनु सकारात्मक छ। बाँकी रहेका सम्पत्तिहरू पनि यथाशीघ्र बिक्री गर्ने व्यवस्था मिलाउनुहुन सुझाव छ।

**घ) जोखिम व्यवस्थापन:** संस्थाले सकार गरेका सम्पत्तिहरूमा शतप्रतिशत जोखिम व्यवस्थापन (Provisioning) गर्नु सकारात्मक पक्ष हो।

## ११. वित्तीय झलकहरू (PEARLS तथा अन्य वित्तीय सूचकहरू):

**क) औसत कोष लागत (Cost of Funds):** गत वर्ष ६.०२ प्रतिशत रहेकोमा यस वर्ष ३.७८ प्रतिशतमा झरेको छ (२.२४ प्रतिशतले कमी)।

**ख) प्रतिफल दर (Return on Assets):** गत वर्ष ११.०६ प्रतिशत रहेकोमा यस वर्ष ९.१० प्रतिशत रहेको छ।

**ग) ब्याजदर अन्तर (Spread Rate):** नियामक निकायले निर्धारण गरेको सिमाभित्र स्प्रेड दर कायम गरेको पाइयो।

**घ)** PEARLS वित्तीय सूचकहरूअनुसार संस्थाको वित्तीय अवस्था सबल रहेको छ र प्रत्येक सञ्चालक समिति बैठकमा यस सम्बन्धी छलफल हुने गरेको छ।

**ङ)** संस्थाको कुल सम्पत्ति वृद्धिदर र सेयर सदस्यता वृद्धिदर नकारात्मक देखिएकोले सुधार गर्नुपर्ने देखिन्छ।

**च)** समयमा ऋण नतिर्ने ऋणीहरूलाई कानुनी प्रक्रिया अन्तर्गत धितो लिलाम प्रक्रिया अगाडि बढाइएको छ।

## १२. लेखा समितिका महत्त्वपूर्ण सुझावहरू:

क) समिति, उपसमितिहरू तथा कर्मचारीहरूका लागि आवश्यक पर्ने ऐन, नियम, विनियम तथा कार्यविधि सम्बन्धी तालिम उपलव्ध गराई दक्ष जनशक्ति तयार गर्ने।

ख) भाखा नाघेको कर्जालाई प्रभावकारी असुली अभियानमार्फत शून्यमा झार्ने व्यवस्था मिलाउने। ठूला कर्जाको ऋण लगानीको लागि प्रोत्साहन नगरी साना प्रकृतिका ऋण प्रवाहलाई प्राथमिकता दिई ऋणी सदस्यको संख्या वृद्धि गर्ने।

ग) ऋण स्वीकृति पूर्व ऋणीको भुक्तानी क्षमता, 5C विश्लेषण तथा आयस्रोतको यकिन गरी वैधानिक आयस्रोत भए ६० प्रतिशत र स्वघोषित आयस्रोत भए ५० प्रतिशतसम्म मात्र सावाँ-ब्याज तिर्न सक्छ, भन्ने आधारमा मात्र कर्जा लगानी स्वीकृत गर्ने।

घ) संस्थाको पुँजीगत संरचना राम्रो भए तापनि सञ्चालकीय सक्रियता र संरक्षकीय संवर्द्धन सूचक न्यून देखिएकाले सदस्यहरूको सहभागिता बढाउन विस्तारित मञ्चलगायतका कार्यक्रमहरू निरन्तर सञ्चालन गर्ने ।

ङ) संस्थाको आन्तरिक तथा वाह्य लेखापरीक्षकले समेत सिस्टम अडिट गर्नुपर्ने भनि सुझाव दिएको तथा गत आर्थिक वर्षमा सिस्टम अडिट (System Audit) का लागि बजेट व्यवस्था भए पनि हालसम्म नभएको हुँदा चालु आ.व.मा अनिवार्य रूपमा सिस्टम अडिट गराउने ।

च) संस्थाका विनियम, नीति तथा कार्यविधिहरू प्रचलित ऐन-कानुन र नियामक निकायका निर्देशनबमोजिम समयसापेक्ष संशोधन गर्ने ।

छ) प्रभु रेमिटअन्तर्गत प्रभु म्यानेजमेन्टबाट प्राप्त हुन बाँकी रहेको रेमिट बापतको रकम रु. ३९,५५,९७९/- यथाशीघ्र थप प्रयास गरी आवश्यक परेमा कानुनी प्रक्रिया अपनाई असुल गर्ने ।

ज) हाल सञ्चालनमा रहेका सेवा केन्द्रहरूको आवश्यकता र औचित्यताको मूल्याङ्कन गरी निरन्तरता दिने वा स्थानान्तरण गर्ने विषयमा गम्भीर भइ निर्णय लिनुहुन सुझाव छ ।

झ) उत्पादनमूलक क्षेत्रमा कर्जा विस्तारका लागि आवश्यक कार्यविधि संशोधन गर्ने तथा सोही अनुसार कर्जा लगानी गर्ने ।

ञ) कर्जा लगानीको सदुपयोगिताको नियमित अनुगमन गरी सोको प्रतिवेदन ऋणीको फाइलमा अनिवार्य अद्यावधिक गरी राख्ने ।

ट) सदस्यहरूलाई नियमित रूपमा वित्तीय साक्षरता, सीप विकास तथा उद्यमशीलता तालिमहरू प्रदान गरी सोही उद्देश्यमा कर्जा प्रवाह गर्ने व्यवस्था मिलाउने ।

ठ) सहकारी विभागद्वारा प्रतिपादित कोपोमिस (COPOMIS) प्रणालीमा संस्थाका सम्पूर्ण वित्तीय विवरण तथा सदस्यहरूको रेकर्ड अनिवार्य रूपमा अद्यावधिक गरी पठाउने व्यवस्था मिलाउने ।

अन्त्यमा,

आन्तरिक लेखापरीक्षणको क्रममा पूर्ण सहयोग पुऱ्याउनुहुने सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत, वरिष्ठ व्यवस्थापक, लेखा अधिकृत र ऋण अधिकृत लगायत सम्पूर्ण कर्मचारी वर्ग तथा हामीलाई यो जिम्मेवारी प्रदान गरी संस्थाको बृहत्तर हितका निम्ति काम गर्ने अवसर दिनुभएकोमा सम्पूर्ण आदरणीय सेयर सदस्यज्यूहरूप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

**जय सहकारी !**

| | | |
|---|---|---|
| **डा. श्री बाबुराम ज्ञवाली** | **श्री सिर्जना शर्मा आचार्य** | **श्री रघुनाथ शर्मा ढकाल** |
| **सदस्य** | **सदस्य** | **संयोजक** |

COP Nepal : 609
ICN Member : 747

C. P. Associates
Chartered Accountants

Mob. 9851196147
071-549491
Sifal, Kathmandu, Nepal
Email:cachhabiPokhrel@gmail.com

# श्री सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि,

शंकरनगर, रुपन्देही

सदस्य महानुभावहरू समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

श्री सदस्य महानुभावहरू,

१. हामीले श्री सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड, शंकरनगर, रुपन्देहीको यसै साथ संलग्न ३२ आषाढ २०८३ को वासलात, सोही मितिमा समाप्त आर्थिक बर्षको नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा लेखा नीतिहरूको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरु उपर लेखापरिक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. हामीले लेखापरीक्षण गर्दा लेखाको सर्वमान्य सिद्धान्त, नेपाल लेखामान तथा प्रचलित ऐनको आधारमा लेखापरिक्षण सम्पन्न गरेका छौं । प्रस्तुत वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप तयार भएको छ । वित्तीय विवरण सारभूत रुपमा गलत आंकडारहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि ती लेखापरीक्षण मानअनुसार योजना तयार गरि तदअनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ। वित्तिय विवरणहरुमा उल्लेखित रकम र खुलाइएका विवरणहरुलाई पुष्ट्याई गर्न प्रमाणको छड्के परीक्षणसमेत लेखापरक्षिणमा समावेश हुन्छ । संस्थाले अवलम्वन गरेका लेखा सिद्धान्त, व्यवस्थापन गरेका महत्वपूर्ण अनुमान एवं वित्तिय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरिक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३. उपरोक्त अनुसार वित्तीय विवरणहरुको परीक्षण गरी देहाय बमोजिम प्रतिवेदन पेश गर्दछौं :

क) हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सुचना एवं स्पष्टीकरणको साथै माग गरेका विवरणहरु यथासीघ्र तथा सन्तोषजनक रुपमा प्राप्त भएका छन् ।

